## हार्दिक शुभकामना

नयाँ वर्ष २०७५ को अवसरमा हाम्रा समस्त पाठक, ग्राहकवर्ग, विज्ञापनदाता, शुभचिन्तक तथा समस्त नेपाली दाजुभाइ दिदीबहिनीहरुमा सुख, शान्ति र समृद्धिका लागि हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

**ग्रेटर नेपाल साप्ताहिक परिवार**

जननी जन्मभूमिश्च स्वर्गादपि गरियसी
(Mother And Motherland Are Greater Than Heaven)

# ग्रेटर नेपाल

(देशभक्ति, पर्यावरण र सामाजिक विकासमा समर्पित)
Greater Nepal Weekly
साप्ताहिक

वर्ष ६ अंक ५१, २०७४ साल चैत ३० गते शुक्रबार, नेपाल संवत् ११३८ (April. 13, 2018) Website : www .greaternepal .com .np मूल्य रु. १० ।-

## बल्ल आउने भो मेलम्ची

काठमाडौं । बहुप्रतिक्षित मेलम्चीको पानी अब छिट्टै आउने भएको छ । मेलम्ची खानेपानी आयोजना सुरु भएको १९ वर्षपछि राजधानीवासीले मेलम्चीको पानी खान पाउने भएका छन् । आयोजनाको मुख्य सुरुङमार्गको काम सकिएलगत्तै मेलम्चीको पानी राजधानीमा ल्याइने बताइएको छ । मेलम्ची खानेपानी विकास समितिले सुरुङ 'ब्रेक थु' भएको अवसरमा भव्य कार्यक्रमको आयोजना गरेर यसलाई पर्वकै रूपमा मनाउने योजना बनाएको मेलम्ची खानेपानी विकास समितिका कार्यकारी निर्देशन रामचन्द्र देवकोटाले जानकारी दिए ।

प्रधानमन्त्री केपी शर्मा ओलीलाई सुरुङ 'ब्रेक थु'को **बाँकी ८ पेजमा**

## प्रबुद्ध समूहको बैठक


काठमाडौं । हिजोदेखि नेपाल-भारत प्रबुद्ध समूहको बैठक भारतमा सुरु भएको छ । इपिजीको आठौं बैठकमा सहभागी हुनका लागि नेपालका प्रतिनिधिहरु बुधबार नै भारतको नयाँ दिल्लीतर्फ प्रस्थान गरेका थिए । बैठकले दुई देशबीचको सम्बन्ध र सन्धीहरुमा गर्नुपर्ने आवश्यक पुनरावलोकनका लागि दुबै देशका सरकारलाई सिफारिस गर्ने भएको छ । आजसम्म चल्ने बैठकमा हालसम्मका बैठकका निर्णयलाई अन्तिम रुप दिने र प्रतिवेदनमा समावेश हुने विषयको टुंगो लगाउने बताइएको छ ।

## राष्ट्रिय ऋणको भार

काठमाडौं । आर्थिक वर्ष ०७३।७४ सम्म नेपाल सरकारको कुल ऋण दायित्व ६ खर्ब ९७ अर्ब ६९ करोड छ । जसमध्ये आन्तरिक ऋण २ खर्ब ८३ अर्ब ७१ करोड र वैदेशिक ऋण ४ खर्ब १३ अर्ब ९८ करोड छ । कुल जनसंख्या २ करोड ८७ लाख २९ हजारलाई आधार मान्दा यस वर्षसम्म प्रतिव्यक्ति कुल ऋण दायित्व २४ हजार २७६ रुपैयाँ २५ पैसा रहेको छ । यसरी एक वर्षमा प्रतिव्यक्ति ऋण दायित्व २ हजार १ सय ४७ रुपैयाँ, ३४ पैसाले बढेको महालेखा परीक्षकको प्रतिवेदनले देखाएको छ ।

# सुस्ता र कालापानीमा चिप्लियो राष्ट्रवाद

काठमाडौं । प्रधानमन्त्री केपी ओलीले आफ्नो भारत भ्रमण नितान्त सफल भएको र 'अब आफूले बोलिरहनु पर्दैन तस्बिर आफैं बोल्छ कसैले बिगार्न खोज्यो भने त्यो बेग्लै कुरा हो नत्र नेपाल भारत सम्बन्ध सुधिँदै जाँदैछ' भनेका छन् । तर ओलीको भारत भ्रमण हावादारी प्रचारमा केन्द्रित देखिन्छ । भारत भ्रमणबाट फर्किएपछि उनले १६ बुँदे विज्ञप्ति सार्वजनिक गरेका छन् । त्यसको अन्तिम बुँदाले दाबी गरेका कुरा पत्याउनै गाह्रो छ । दुई देशबीचको आपसी विश्वासमा अभिवृद्धि भएको भनेर पत्याउने कुनै आधार छैन । नेपालका लागि भारत एक गलगाँड हो जस्तो सुकै अप्ठेरो भए पनि घाँटीमा भिरेर हिँड्न नेपाल अभिशप्त छ । ओलीको भारत भ्रमणले नेपाललाई भारतीय सहयोगको नाममा दुर्भाग्यपूर्ण नियतितिर डोऱ्याउने खतरा झनै बढेको छ । हार्दिकता र मित्रता बढेको भनिए पनि त्यसले मुलुकले व्यहोरेको आर्थिक क्षतिको भर्पाइ हुने छैन । नेपालले भारतबाट बर्बर क्रुर र अमानवीय नाकाबन्दी पटक पटक व्यहोर्दै आएको छ । ओली भ्रमणले त्यसलाई सदाका लागि अन्त्य गरेको भनेर पत्याउनु



वचकना मात्र हुनेछ ।

मधेशवादी दलहरुलाई उचालेर तराईलाई अर्को बंगलादेश बनाउन भारतीय खेल भइरहेका बेला ओलीले त्यसको तीव्र विरोध गर्दै नेपाललाई रुवान्डा बन्न नदिने उद्घोष गरेपछि एमाले कित्ताबाट उनलाई ठूलो राष्ट्रवादीको पगरी गुथाइयो । भारतले उनी प्रधानमन्त्री भएका बेला नाकाबन्दीलाईर्क्ष अझ कसिलो पार्दै लग्यो र नेपाली जनताको भान्सा बल्न नदिने नीति लियो । त्यसको खिलाफमा उनी दक्षिणतिर फर्किए । चीन भ्रमणमा गए अनि पारवहन सम्झौता गरेर भारतको विकल्पको खोजी गरे । त्यसपछि त उनलाई नेताको दर्जाबाट माथि उठाएर राष्ट्रवादी राजनेता नै भनेर प्रचार गरियो । भारतसँग नझुकेको गिलेसीले स्थानीय, प्रदेश र संघीय संसदको चुनावमा एमालेलाई बम्पर उपहार नै पऱ्यो । एमाले देशकै हात्ती पार्टी बन्यो र ओली दोस्रो पटक प्रचण्ड बहुमतका साथ प्रधानमन्त्री बने । उनले नेपालमा जोसुकै प्रधानमन्त्री भए पनि पहिले भारत भ्रमणमा जाने परम्पराको क्रमभंग गर्न सकेनन् । बरु भारतले चलासीपूर्ण तवरले चीनसँगको कूटनीतिक सम्बन्धमा चिसोपना आउने गरी ओलीलाई फसायो । चीनको उत्तरी समुद्री चापु हाइनानस्थित बोआवो सम्मेलनमा नेपालले सहभागिता जनाउन पाएन । राजा वीरेन्द्र, राजा ज्ञानेन्द्रले समेत बोआवो फोरम फर एसिया सम्मेलनमा सहभागिता जनाएका थिए भने प्रधानमन्त्री हुँदा प्रचण्ड र ओलीले पनि सम्मेलनमा भाग लिएका थिए तर अहिले ओली आफू त गएनन् नै कुनै प्रतिनिधिसमेत नपठाएर चीनलाई हिस्स पारिदिएका छन् । विदेश नीतिको तराजु उत्तरतिर झुकाएर कसरी चीन र भारतसँग समदुरीको सम्बन्ध कायम हुन सक्छ ?

ओलीको राष्ट्रवाद सुस्ता र कालापानीमा नमज्जाले चिप्लिएको छ । भारतले ८३ स्थानमा नेपाली भूभाग अतिक्रमण गरेको सीमाविदहरुले दाबी गरेका छन् । पछिल्लो समयमा राष्ट्रियतासँग प्रत्यक्ष जोडिएको लिपुलेकमा एकलौटी बाटो बनाएर नेपालको सार्वभौमिकतामाथि धावा बोलेको छ । नवलपरासीको सुस्ता क्षेत्र लगभग भारतले आफ्नो नियन्त्रणमा लिइसकेको छ । सुस्ताधारीहरु सालिन्दा भारतीय अतिक्रमणको विरोधमा सामूहिक रुपले संघर्षमा उत्रिएका छन् । तर सरकार सुस्ताका विषयमा सदा मौन बस्दै आएको छ । ओलीले आफ्नो भारत भ्रमणका समयमा सुस्तालाई एजेन्डामा नै राखेनन् । कालापानीमा भारतीय सेनाले परेड खेलिरहेका छन् । सन् १९६२ मा भारत चीनयुद्धमा भारतले कसरी हारको सामना गर्नुपऱ्यो । त्यसबेला हरुवा भारतीय सेनाले कालापानीमा आश्रय लिएको थियो जुन अहिलेसम्म छोडेको छैन । राजा महेन्द्रले पञ्चायती कुशासनमा भारतको समर्थनका लागि कालापानी भारतलाई सुम्पेका थिए । के ओलीले मोदीसँग कालापानी हाम्रो हो भन्नु पर्दैनथ्यो ? भारतले सुस्ता र कालापानीबाहेक अन्य स्थानमा सीमा विवाद देखाएर स्ट्रिप म्यापमा नेपाललाई हस्ताक्षर गराउन खोज्दैछ ? ओलीले सुस्ता र कालापानीको विषय उठान नगर्नुले ती क्षेत्र नेपालको नक्साबाट बाहिरिने सम्भावना बढेको छ । कोसीमा बाढी आउँदा विराटनगरमा सारिएको भारतीय दुताबासको **बाँकी ८ पेजमा**

# मालेले मनायो जनआन्दोलन दिवस




काठमाडौं । निर्दलीय पञ्चायती व्यवस्थाको नाममा मुलुकमा तीस वर्षसम्म राजाले निरंकुश शासन सञ्चालन गरेका थिए । पञ्चायती निरंकुशताका विरुद्ध विभिन्न कालखण्डमा भएका आन्दोलनहरुमा सयौं व्यक्तिको हत्या गरियो भने लामो समयसम्म राजनीतिक व्यक्तित्वहरुलाई जेलमा कोचेर राखियो । पञ्चायती कालरात्रि विरुद्ध संघर्ष गर्दा धनकुटाको छिनताङ, सिन्धुपाल्चोकको पिसकर, ओखलढुंगाको टिम्मुरबोटे, झापाको सुखानी लगायतका ठाउँहरुमा दर्जनौं व्यक्तिहरुको हत्या गरियो । पञ्चायतविरुद्ध साना ठूला थुप्रै आन्दोलन गरिए तापनि ती आन्दोलनहरु कांग्रेस र वाम **बाँकी ८ पेजमा**

## चिनियाँ रेल रोक्ने भारतीय खेल

काठमाडौं । नेकपा मालेले एक प्रेस विज्ञप्ति प्रकाशित गरी प्रधानमन्त्री केपी ओलीको भारत भ्रमणका सन्दर्भमा महासचिव सीपी मैनालीले व्यक्त गर्नुभएको विचारबारे स्पष्ट पारेको छ । पार्टी प्रवक्ता कुमार बेलवासेद्वारा हस्ताक्षरित विज्ञप्तिमा भनिएको छ-

'हाम्रो पार्टी नेकपा (माले) ले २०७४ चैत्र २६ गतेका दिन राष्ट्रिय संयुक्त जनआन्दोलन दिवस मनाउने सन्दर्भमा ऱ्याली प्रदर्शन तथा जनसभाको आयोजना गरेको कुरा सार्वजनिक सञ्चार माध्यममार्फत सर्वविदित भइसकेको छ । रत्नपार्कको शान्ति बाटिकाअगाडि आयोजित जनसभालाई सम्बोधन गर्ने क्रममा जनसभाका प्रमुख वक्ता पार्टी महासचिव क. सी.पी. मैनालीले बोल्नुभएका कुराहरुलाई केही सञ्चारमाध्यम र सामाजिक सञ्जाल फेसबुकमार्फत बङ्ग्याएर प्रक्षेपण गरेको पाइयो । बिशेष गरी प्रम केपी ओलीको भारत भ्रमणका प्रसंगमा महासचिव मैनालीले भन्नुभएको थियो, "चीनमा आयोजित बोआवो मञ्चको राजनीतिक र कुटनैतिक हिसाबले महत्वपूर्ण सम्मेलनलाई बेवास्ता गरेर भारत भ्रमणमा जानु आफ्नो सरकारको आयु बढाउन भारतीय शासकहरुप्रति गरिएको तावेदारी मात्र हो । **बाँकी ८ पेजमा**

# टुँडिखेलमा मानव निर्मित ग्रेटर नेपाल



काठमाडौं । सुगौली सन्धिमा ब्रिटिस साम्राज्यले लुटेको र अहिले भारतको कब्जामा रहेको नेपाली भूमि फिर्ता गराएरै छाड्ने अभियानमा युवाहरु जुटेका छन् । सचेत देशभक्त मञ्चको आयोजनामा चैत २४ गते टुँडिखेलमा भेला भएका युवा, विद्यार्थी, ग्रेटर नेपालका समर्थक देशभक्त, राष्ट्रवादी व्यक्तिहरुले ग्रेटर नेपालको विशाल नक्साभित्र उभिएर ग्रेटर नेपाल अभियानमा ऐक्यबद्धता जाहेर गरेका छन् । ग्रेटर नेपालका अभियन्ताहरुले अब नेपाली सीमा टिस्टा काँगडा कायम गराउने उद्घोष गरेका छन् ।

ग्रेटर नेपालका पुराना अभियन्ता तथा ग्रेटर नेपाल साप्ताहिकका प्रधानसम्पादक सुरेन्द्र ढकालको प्रमुख आतिथ्यमा भएको कार्यक्रममा ग्रेटर नेपालको म्यापभित्र उभिएर राष्ट्रिय गान गाउनुका साथै **बाँकी ८ पेजमा**

# भेट्रानमा सविता

नेपाल भेट्रान टेवलटेनिस संघद्वारा छैठौं वर्ल्ड टेवलटेनिस दिवसको अवसर पारेर आयोजना गरेको महिला टेवलटेनिस प्रतियोगिताको महिला एकलतर्फको उपाधि रोटरी क्लव डिल्लीबजारकी सविता बस्नेत केसीले हात पारेकी छिन । हरेक वर्षको अप्रिल ६ तारिखका दिन यस्तो प्रतियोगिताको आयोजना गर्ने गरिन्छ ।




प्रतियोगितामा रोटरी क्लव डिल्लीबजारकै सम्झना पोखरेल दोस्रो भएकी थिइन् ।

विजयी महिला खेलाडीहरुलाई नेपाल भेट्रान टेवलटेनिस संघकी अध्यक्ष निनु सत्याललले नेपाली टेवलटेनिसका पूर्वमहिला टेबलटेनिस च्याम्पियन अन्तर्राष्ट्रिय टेबलटेनिस खेलाडी सिजरिन शाहको उपस्थितिमा सिल्ड, मेडल तथा प्रमाणपत्र वितरण गरेकी थिइन् । यसबीच रोटरी क्लव डिल्लीबजारको गत बुधबारको नियमित बैठकमा उपाधी विजेता सविता बस्नेतलाई प्रतियोगितामा प्रथम भई क्लबको शिर उँचो गराइदिएकोमा रोटरी नेपाल डिस्ट्रिक्टकी असिस्टेन्ट गभर्नर मञ्जु लामिछाने तथा समस्त क्लव परिवारले धन्यवाद दिएको थियो ।

# दलहरुले बिर्सिएको चैत २६ लाई सम्झँदा

■ **राजेन्द्र शर्मा**

पञ्चायती कालरात्रि विरुद्धको राष्ट्रिय संयुक्त जनआन्दोलन २०४६ चैत २६ गतेका दिन उत्कर्षमा पुगेर राजाले घुँडा टेकेका थिए । त्यसै दिन राति राजा वीरेन्द्रले पञ्चायती व्यवस्थाको अन्त्य गर्दै दलहरुमाथिको प्रतिबन्ध हटाएका थिए । संवैधानिक राजतन्त्रअन्तर्गतको बहुदलीय प्रजातन्त्र प्राप्ति भएको उक्त दिन राजनीतिक इतिहासका पानामा सुनौला अक्षरले अंकित भइसकेको छ । राजनीतिक दलहरुले उक्त दिनलाई विगतमा सम्झिने गरेका भए तापनि यस वर्ष सम्झिएको पाइएन । संसदीय भूमिकामा नभएको नेकपा (माले) ले भने ऱ्यालीसहितको कोणसभा गरी संयुक्त जनआन्दोलन दिवसलाई सम्झिएको थियो ।

तत्कालीन राजा महेन्द्रले २०१५ सालमा दुईतिहाई मतका साथ विजयी भएको कांग्रेस सरकारलाई दुई वर्ष शासनमा बस्दा नबस्दै २०१७ सालमा सत्ता कु गरेर विस्थापित गरी पञ्चायती व्यवस्थाको नाममा राजाको निरंकुश शासनको सुरुवात गरेका थिए । दरबारले खोसेको प्रजातन्त्र फर्काउन ठूलोल संघर्ष गर्नुपरेको थियो । प्रतिबन्धित अवस्थामा रहेका नेपाली कांग्रेस र वामपन्थी दलहरुले आआफ्नै ढंगले पञ्चायतका विरुद्धमा संघर्ष गर्दै आए । कांग्रेसले सशस्त्र संघर्षको बाटो पनि लिएको थियो । राजाको गाडीमा बम हान्नेदेखि लिएर जिल्ला सदरमुकाममा सशस्त्र आक्रमण गर्ने जस्ता कार्य समेत कांग्रेसले गऱ्यो । ओखलढुंगाको टिम्मुरबोटे काण्डले कांग्रेसको सशस्त्र संघर्षलाई धक्का पुऱ्याएको थियो । यसैगरी वामपन्थीहरुले गरेको झापा विद्रोह र विभिन्न ठाउँमा भएका संघर्ष, विद्यार्थी आन्दोलन किसान मजदुरका संघर्षले चरम रुप धारण गरेपछि २०३६ सालमा राजाले जनमतसंग्रह गरी सुधारसहितको पञ्चायती व्यवस्था र बहुदलीय व्यवस्था रोज्ने मौका दिएका थिए । निर्वाचनमा चरम धाँधली गरेर पञ्चायतलाई जिताइयो । पञ्चायतको विरोध गर्ने नेताहरुलाई विभिन्न जेलहरुमा कोचेर वर्षौंसम्म राखियो । बोल्ने लेख्ने जस्ता मौलिक हकमा प्रतिबन्ध लगाइयो । नेपाली कांग्रेसले पञ्चायतविरुद्ध २०४२ सालमा सत्याग्रहको आन्दोलन पनि गरेको थियो । त्यही समयमा रामराजाप्रसाद सिंहको समूहले गरेको बम विस्फोटको घटनापछि सत्याग्रह स्थगित गरिएको थियो ।

नेपाली कांग्रेस र वाम शक्तिहरुले एक्ला एक्लै संघर्ष गर्दा कहिल्यै सफलता नपाउने र दरबारले पालैपालो एक अर्कालाई प्रयोग गर्ने र परस्पर लडाउने कुरा दलका नेताहरुले राम्रैसँग महसुस गरे । नेपाली कांग्रेसका नेता गणेशमान सिंहको नेतृत्वमा कांग्रेस र वाम मोर्चाको गठबन्धन बनाएर संयुक्त जनआन्दोलन गर्ने निर्णय गरेपछि प्रजातान्त्रिक आन्दोलनले नयाँ उचाइ लिएको थियो ।

राणाशासनविरुद्धको कठिन संघर्ष र उनलाई दिइएको **बाँकी ८ पेजमा**




सुरेन्द्र ढकाल प्रतिष्ठानको लागि
सम्पादक/प्रकाशक
सुरेन्द्रप्रसाद ढकाल

कार्यकारी सम्पादक
तेजेन्द्र प्रसाई

प्रबन्ध सम्पादक
कृष्णराज दुलाल

प्रबन्ध निर्देशक
किरण थापा

अतिथि सम्पादक
विष्णु भट्टराई

सम्पादन सहयोगी
घनश्याम ओली/गोविन्द विक

बजार व्यवस्थापन
रामशरण रिमाल/धर्मराज पौडेल

मुद्रक : अन्नपूर्ण अफसेट प्रिन्टर्स, असन, काठमाडौं
कार्यालय : नयाँ बानेश्वर, फोन ४१०५०४८ पोस्टबक्स ४२६५, फ्याक्स ४१०४४८७,
इमेल : greaternepal2012@gmail .com, www .greaternepal .com .np
*Visit : www .youtube .com Surendra Dhakal Social Activist*

# तागत छ समदुरीको सिद्धान्त लागू गर्ने ?



**सुरेन्द्र ढकाल**
**पोलिटब्युरो सदस्य**
**(नेकपा माले)**

राष्ट्रवादीको मुकुण्डो लगाएर नेपाली मतदाताहरुलाई झुक्याई चुनाव जिती प्रधानमन्त्री बनिटोपलेका ओली चुनाव जित्ने बित्तिकै दलबलसहित रसुवागढी पुगेर नेपाल चीन सडक यातायात सम्बन्धलाई महत्व दिएको देख्नेहरुले के सोचेका थिए भने ओली प्रधानमन्त्री भएपछि उनको पहिलो विदेश यात्रा चीनबाट सुरु हुन्छ भनेर । किनकी जुन बेला ओली भारत भ्रमण गर्दै थिए, त्यही बेला चीनमा एसियाली राष्ट्रका प्रमुखहरुको बोआओ फोरम फर एसियाको सम्मेलन हुँदै थियो ।

कुनै बेला राजा वीरेन्द्रलाई प्रमुख अतिथि बनाएको यति महत्वपूर्ण सम्मेलन छाडेर पूर्वप्रधानमन्त्रीहरुले जस्तै ओलीले पनि भारतकै भ्रमण गरेपछि यिनको राष्ट्रवादी मुकुण्डो च्यातचुत हुन पुगेको छ । झन् त्यसमाथि भ्रमण अवधिमा भारतमा निर्वासनमा रहेको तिब्बती सरकारको प्रतिनिधि मास्टर कर्मा तन्पांइ ग्यालसेनसँग ओलीले भेटी उनीबाट खादा ग्रहण गर्नुले शेरबहादुर जस्तै यी ओली पनि फ्री तिब्बतकै अनुयायी रहेछन् भन्ने कुरा प्रस्ट भई यिनको सरकारको एक चीन नीति पनि विगतका नेपालका सरकारकै जस्तै देखाउने दाँत मात्रै रहेछ भन्ने कुरा प्रस्ट भएको छ । अर्को कुरा रक्सौल काठमाडौं रेल विस्तारले केरुङ काठमाडौं रेलयोजनालाई राम्रै झड्का दिई ओझेलमा पार्ने देखिन्छ ।

भारत र चीनबीच सामरिक रणनीतिक अवस्थामा रहेको नेपालले आर्थिक विकास गर्ने हो भने दुवै छिमेकी राष्ट्रबीच समदुरीको सिद्धान्त लागू गर्न सक्नुपर्छ । एकसँग विशेष लम्पसारवादको सम्बन्ध राखेर समदुरी हुन सक्तैन । तसर्थ समदुरी सिद्धान्तलाई ब्यवहारमा लागू गरी नेपालको सामाजिक आर्थिक विकास गर्ने हो भने निम्न कार्यहरु तुरुन्त लागू गर्नु पर्दछ ।



१) काठमाडौंमा रहेको दलाई लामाको सम्पर्क कार्यालय सदाको लागि बन्द गर्नुपर्छ र नेपालमा रहेका तिब्बती शरणार्थीहरुलाई कि तिब्बत फर्काउनुपर्छ कि भारतको धर्मशाला होइन भने अमेरिका र क्यानडाले जसरी नेपालमा रहेका भुटानी शरणार्थीहरुलाई आआफनो देश लगे त्यसैगरी तिब्बती शरणार्थीहरुलाई आआफनो देश लिएर जाउ अन्यथा उनीहरुलाई चीन सरकारलाई सुपुर्दगी गरिने छ भनी जानकारी दिनु पर्दछ । यी तिब्बती शरणार्थी नेपालमा रहुञ्जेल नेपालले ब्यवहारमा कहिले पनि एक चीन नीति अख्तियार गर्न सक्दैन त्यसको मतलव फ्रि तिब्बत अभियानको नाममा नेपाल सधैं महाशक्तिहरुको चलखेल गर्ने अन्तर ाष्ट्रिय तनावको स्थल बनिरहन्छ ।

२) भारतसँग जति नाका खोलिएका छन्, त्यति नै नाका चीनसँग पनि खोल्नुपर्दछ र चीनलाई ट्रान्जिट बनाई नेपालले केन्द्रीय एसियाली देश र पूर्वी युरोपेली देशसँग आफ्नो निर्यात ब्यापार विस्तार गर्नुपर्दछ । यसको लागि आगामी दश वर्षे योजना तय गरी नाका खोल्ने कार्य अघि बढाउनु पर्दछ । यस कार्यमा नेपाली सेनालाई आमरुपमा परिचालन गर्नुपर्दछ ।

३) भारतसँग भएका सबै असमान सन्धिहरु खारेज गर्नुपर्दछ । नयाँ सन्धि गर्दा यसका धारा उपधाराहरुले नेपालको सार्वभौमिक अखण्डतामा आँच आउने कुनै शब्द, वाक्य वा वाक्यांश राख्न नपाउने गरी गर्नुपर्दछ । त्यसै गरी कार्यान्वयनमा आइसकेका असमान कोसी, गण्डकी, महाकाली र टनकपुर सम्झौताहरुलाई पनि खारेज गरी समानताको आधारमा पुनः नयाँ सन्धि गर्नुपर्दछ ।

४) भारतमा रहेका सबै गोर्खा सैनिक फिर्ता बोलाई नेपाली सेनासँग समायोजन गर्नुपर्दछ र भारतले मिचेको ७४ सीमास्थलहरुमा यिनीहरुलाई तैनाथ गर्नुपर्दछ । त्यसैगरी अन्तर्राष्ट्रिय कानुन विपरीत भारतले दशगजा क्षेत्रमा बनाएका सबै संरचनाहरुको कारण नेपाली भूमि जलमग्न भएको हुँदा उक्त संरचना हटाउन भारत सरकारलाई औपचारिक रुपमा दबाब दिनुपर्दछ ।

५) नेपाल भारत खुला सीमालाई राहदानीको अनिवार्य व्यवस्थाद्वारा नियमित गर्ने र सीमाक्षेत्रका जनताहरुलाई भने परिचयपत्र देखाएर मात्र आवागमन गर्न दिने व्यवस्था गर्नुपर्दछ । भारतीय रुपैयाँको नेपालभित्र भइरहेको चलनचल्ती पूर्णरुपमा रोक लगाउनु पर्दछ र नेपालभित्र रहेका सबै भारुलाई राष्ट्रबैंकले खिच्नुपर्दछ ।

यी कुराहरु गर्न सकेमामात्रै साँच्चैको समदुरीको सिद्धान्त लागू गर्न सकिन्छ र नेपालको विकासले छलाङ मार्न सक्छ । अन्यथा मुकुण्डोधारी राष्ट्रवादी भारतीय गुप्तचर संस्थाका वैतनिक एजेन्टहरुबाट न नेपालको स्वतन्त्रता र सार्वभौमिक अखण्डता अक्षुण्ण राख्न सकिन्छ न नेपाललाई भारतभन्दा विकसित बनाउन सकिन्छ । बल्की भुटान, फिजी बनाउँदै लगी अन्तमा सिक्किम पुऱ्याउने हो, यिनीहरुले देशलाई । के छ त बाम गठवन्धनको सरकारसँग समदुरीको सिद्धान्त लागू गर्ने तागत ?

## सम्पादकीय

# मुलुक बनाउने हो भने यसो गरौं

दक्षिण कोरियाको अदालतले पूर्वराष्ट्रपति पार्कग्युन हायले भ्रष्टाचार तथा शक्तिको दुरूपयोग गरेको ठहर गर्दै २४ वर्ष जेल सजाय तोकेको छ । जेल सजायको साथै उनलाई १ करोड ७० लाख अमेरिकी डलर जरिमाना तिराउने फैसला गरिएको छ । राष्ट्रपतिले भ्रष्टाचार र शक्तिको दुरूपयोगका अतिरिक्त राष्ट्रपतीय लिखतहरूको गोप्यता चुहाएको ठहर अदालतले गरेको छ । जतिसुकै शक्तिशाली व्यक्ति भए पनि पदीय आचरण अनुकूल काम नगर्दा कानुनले नछाड्ने उदाहरण दक्षिण कोरियाको यो ताजा घटनाले स्पष्ट पारेको छ ।

नेपाल र दक्षिण कोरियाले योजनाबद्ध विकासको आरम्भ एकै वर्ष गरेका हुन् । कडा आर्थिक अनुशासन र भ्रष्टाचारमा शून्य सहनशीलताको अनुशरण गरेकाले दक्षिण कोरिया विश्वकै सम्पन्न राष्ट्रका रूपमा सूचिकृत हुन पुग्यो । हाम्रो अवस्था भने कोरियाका बंगुर फर्मलगायत थ्रिडीको काम गर्ने ठाउँमा भाषा परीक्षा पास गरेर स्नातक, स्नातकोत्तरहरूलाई समेत काम गर्न पठाउने अवस्था छ । मुलुकको यस्तो अवस्था आउनुमा सत्तामा बसेर भ्रष्टाचार गर्ने नेता, जुनसुकै काममा पनि पैसा असुल्ने कर्मचारी, गुणस्तरहीन र ढिलो काम गर्ने ठेकेदारहरू लगायत जिम्मेवार छन् । त्यसमा पनि मुहानको रूपमा रहेको राजनीतिक प्रदूषणले मुलुक बर्बाद भइरहेको छ ।


मुलुकको आर्थिक अवस्था कुन हालतमा छ भन्ने कुरा अर्थमन्त्रीको श्वेतपत्रले छर्लंग पारेको छ । उता लामो समय अर्थमन्त्री भएका र मुलुकको उद्योगधन्दा, कलकारखाना निजीकरणको नाममा बिक्री गरेर भ्रष्टाचार गर्ने कार्यका मुख्य सूत्राधार मानिएका डा. रामशरण महत मुलुकको अर्थव्यवस्था अत्यन्तै राम्रो भएको, कांग्रेसले मुलुकलाई उँभो लगाएको, विकासमा फड्को मारेको भनेर स्पष्टीकरण दिइरहेका छन् । उनले अर्थमन्त्री खतिवडाले श्वेत्रपत्र होइन, लालपत्र जारी गरेको भनेका छन् । मुलुकको हालत कस्तो छ भनेर डा. रामशरण महतले होइन, सामान्य जनताले प्रत्यक्ष अनुभव गरिरहेका छन् । बैंकमा ऋण पाउने आशामा ६ महिना अगाडिदेखि सबै प्रक्रिया पूरा गरेर प्रतीक्षामा बस्ने हुन् या शेयर मार्केटको अवस्था झेल्नेहरू हुन् सबैले बुझिरहेका छन् । अझ महँगीको मार झेल्ने जनताले प्रत्यक्ष भोगेका छन् ।

मुलुकको अवस्था विश्वकै भ्रष्ट र कंगाल भएका तथ्य प्रमाणहरू राष्ट्रिय, अन्तर्राष्ट्रिय आर्थिक सूचकहरूले दिँदै आएका छन् । ट्रान्सपरेन्सी इन्टरनेसनल, बोर्ल्ड फाइनान्सियल इन्स्टिट्युसन जस्ता संस्थाले मुलुकको हाल देखाउने गरेका छन् । त्यसैले डा. महत जस्ता जिम्मेवार व्यक्तिले गैरजिम्मेवार भाषण गर्नुको अर्थ छैन । बरू मुलुक बिगारियो भनेर पश्चात्ताप गर्दा हुन्छ । हाम्रो देश बिगार्न नेता, ब्युरोक्रेसी, अदालत सबै उत्तिकै जिम्मेवार छन् । कमसेकम नेता र ब्युरोक्रेसीले फटाइँ गर्दा अदालतले सही जजमेन्ट गर्न सकेको भए यस्तो दुर्दशा हुने थिएन । बरू यहाँ त अदालतको भूमिका ठूला भ्रष्टाचारीलाई चोख्याउने मात्र भएको छ । यदि त्यसो नभएको भए वर्तमान कानुन मन्त्रीले न्यायाधीशको सम्पत्तिमाथि पक्कै पनि औंला ठड्याउनुपर्ने अवस्था आउने थिएन ।

विगतमा फर्केर हेर्दा तत्कालीन प्रधानमन्त्री गिरिजाप्रसाद कोइरालालाई लाउडा विमानकाण्ड लागेको थियो तर यो अभियोग कोइरालाको राप र तापका अगाडि टिकेन । उनकी सुपुत्री सुजाताको अकुत सम्पत्तिमाथि पनि प्रश्न नउठेको होइन तर शक्तिको प्रभावका अगाडि हाम्रा भ्रष्टाचार हेर्ने निकायहरू शिथिल बन्न पुगे । शेरबहादुर देउवाको विगत र वर्तमान हेर्दा त्यत्रो सम्पत्ति कहाँबाट आयो भनेर कार्यकर्ताहरू नै जिब्रो टोक्छन् तर उनले आरजुको आर्जन देखाउने गरेका छन् । माओवादी जनसेनाको क्याम्पमा भएको ४ अर्बको भ्रष्टाचार काण्डबारे प्रचण्ड मौन छन् । माओवादीको प्रभावकै कारण यो खोतलिन सकेन । त्यसैगरी एमालेका कतिपय हवाई चप्पल र लुँगी समेत पार्टीको अनुदानमा खरिद गर्ने नेताहरूको अहिलेको अवस्था छानबिन हुने हो भने त्यो भ्रष्टाचारबाहेक कहाँदेखि कमाए जवाफ दिने ठाउँ छैन । सर्वोच्च अदालतले गंगा स्नान गराएका भ्रष्ट कर्मचारी चुडामणि शर्मादेखि पैसाको स्रोत देखाउन नसक्ने डनहरूसम्म चोखा भइसकेको अवस्था छ । भ्रष्टाचारीलाई सदाचारीको प्रमाणपत्र दिने न्यायालयका न्यायाधीशहरूले आफ्नो सम्पत्तिको स्रोत पुष्टि गरेर नदेखाएसम्म यो प्रक्रियाले निरन्तरता पाइरहन्छ । अब सर्वसाधारण जनता र भ्रष्टहरू बसेको समाजले समेत राष्ट्रलाई कंगाल बनाउनेका विरूद्ध अभियान चाल्न आवश्यक छ ।

यो मुलुकलाई साँच्चीकै आर्थिक पारदर्शिताको बाटोमा हिँडाउने, भ्रष्टाचारमा शून्यसहनशीलता अपनाउने र विकासमा गुणात्मक फड्को मार्ने हो भने अहिलेसम्म सत्तामा बस्ने र प्रशासनमा बसेर भ्रष्टाचार गर्नेहरूको (भूतपूर्वहरू) समेतको सम्पत्ति छानबिन गरेर दूधको दूध पानीको पानी छुट्याउन आवश्यक छ । अन्यथा कमल ओढेर घिउ खाने प्रवृत्ति बाँकी रहेसम्म मुलुकको हालत सुध्रिने छैन बरू अझ बर्बादीतर्फ जाने निश्चित छ ।

# विशाल नेपाल श्री ५ महेन्द्र आदि सत्तासीन सम्बन्ध



**जगदीश लामिछाने**
रौतहट, पौराई

गएकै चैत २३ गते विशाल नेपाल र ग्रेटर नेपाल एउटै हो (२) यही हरफकर्ताको सि.नं. १८३ स्तम्भ लेख छापियो । त्यही सिरानी पृष्ठमा जानकारीमूलक तथ्य सम्पादक/प्रकाशक सुरेन्द्रप्रसाद ढकालकै तर्फबाट छापिँदा भारतीय प्रायद्विपबाट अंग्रेज आफ्नै स्वदेश बेलायत फर्कनुअघि लर्ड माउन्ट वेटन र जवाहरलाल नेहरुले सही गरेको कुरामा 'गोर्खा' भन्ने क्षेत्र ब्रिटिश आफ्नै आधिपत्यमा रहेको 'टिस्टा हाजिपुर गोरखपुर सतलज १८१४-१६ मा नेपालसँग लडाइँ गर्दा सुगौली सन्धिबाटै लिएको जग्गा उसै उसैलाई नै हो भन्ने प्रस्टै बुझियो । तत् समयमा श्री ५ त्रिभुवन सत्तामा थिए श्री ३ सायद पद्मशमशेर थिए । त्यो विषय यहाँ कुरा नगरौं ।

श्री ५ युवराज महेन्द्रले लमजुङ निवासी खगेन्द्रजंग गुरुङलाई चीन पठाएपछि नेपालै फर्की आएपछि खम्पालाई भेट्न मुस्ताङ गएको नालीबेली भर्खर २०७३ मार्ग १ गते शनिबासरीयमा उनै गुरुङले दिएकै छन् । तत् समयदेखि चीनले भनेको मान्न र खम्पा समस्या रीतपूर्वक समाधान गर्न विभिन्न कारणले श्री ५ वीरेन्द्रको राज्यारोहणपछि मात्र सकियो । यो नेपालकै बाध्यता थियो । चीनले कतै बुझ्यो कतै बुझेन । बुझेकै भए लिपुलेखमा सही गर्ने नै थिएन आदि । केपी ओलीको प्रधानमन्त्रित्व पहिलोमा राम्रै भएको छ चीनको उज्यालो अनुहार । ब्रिटिस भारतसँग जो सत्तामा थियो नेपाल नजिकै थियो । पछि आन्दोलनमा भित्र हाम्रै मनमोहन आदि छँदै थिए भारतीय १९४७ मा । सत्ताका पक्ष विपक्ष हैन तटस्थ नै छौं । ब्रिटिस आफैंले पनि १९५० इ.सं. कात्तिकमा बुझ्यो र सच्यायो । केही उसको आलो घाउमा बिर्सियो होला । १९४७ देखि हामीलाई दुःखै छ भारतले भने ७० वर्ष बुझ्दै बुझेन । कति दोहोऱ्याउनु ?

यता त्यही भारतमा बस्ने आफूलाई गोरखा भन्न रुचाउनेहरुले जग्गासँगैका गोरखा ल्यान्ड मागिरहेको दुःख पनि एक किसिमको र नेपालमा बस्ने गोर्खालीको अर्को किसिमको दुःख हो भनी विभिन्न समयमा अर्थात् २०७१ चैत २० गतेदेखि २०७४ असार २३ शुक्रबार समेत ४ अंकमा आफ्नै माटो नबिर्सउ भनी भन्नैपर्ने नै भयो । यसैले ' गोरक्षा र गोर्खाल्यान्ड' चार पटक छापी दिनुभएकोमा सम्पादक/प्रकाशक सुरेन्द्र ढकालप्रति नै आभारी छु ।

अब आफ्नै देश नेपालका बासिन्दातर्फ जाउँ । २०७३ मार्ग १ गते शनिबारको उनै खगेन्द्रजंग गुरुङकै 'गैर कूटनीतिज्ञको कूटनीतिक यात्रा' शीर्षक लेखमा श्री ५ महेन्द्रसँगै दियालो बंगलामा बसेका नेपालकै १९९७ वि.सं. श्री ३ जुद्धशमशेरका पालाका सहिद गंगालालका भाइ पुष्पलालले केही बुझे केही बुझेनन् । श्री ५ महेन्द्र त्यहीँ गए । यसैगरी पुष्पलालकै चेला धेरै कम्युनिस्ट कुहिराका काग भएर पनि नेपालीलाई दुःख भएको हो । नेपाली कांग्रेसले त बेलाबेलामा उल्टो अर्थ लगाएको यहाँ कुरा नगरौं । पछि खुलेका राष्ट्रिय प्रजातन्त्र पार्टीका प्रजातन्त्रवादी पशुपतिशमशेरका चावहिल घरमै गएर उनका नै बाबु विजय सहिद हुन् है भनी लेखी छापी पनि दिएकै छ यही हरफकर्ताले । उनैको जन्मस्थान डिल्लीबजार काठमाडौंले विजय स्मारक तत्काल बनाएको यादै होला ।

बरु पूर्वराजा ज्ञानेन्द्रको श्री ५ कै हैसियतको दिल्ली जवाफ र सार्कमा चीनलाई सिफारिस राम्रै रह्यो । नेता चाहिँ विदेश बसेर नेपाली १७००० मर्नु परेको कुरामा विदेश बस्ने माओवादी नेताले नेपाली जनतासँग क्षमा माग्नैपर्ने पनि अर्घेल्याइँ हैन जस्तो लाग्छ । यसै पछि मात्र नेपालमा भ्रष्टाचार घट्दै जानेछ ।

फिरंगी अर्थात युरोपियनहरु त यहाँ जागिर खान आउँछन् क्षेत्रीय धार्मिक र जातीय खेती आइएनजीओ नै हो । चीनले पनि त्यस्तो जालो फिँजाउन पाउँदैन । भारतदेखि होस गरौं भन्ने श्री ५ महेन्द्र र वीरेन्द्र नै हुन् । प्रमाण राणा र श्री ५ हरुले श्री ३ जंगबहादुरकै पालादेखि यो देश नेपालका दुवैतिर ढुंगे सिमन्टी खम्बा गाडिदिएकै छन् । खै त तिनको कूटनीतिक रक्षा भएको ?

काकाको प्राणपखेरु कारागारमै उडाइदिने रणबहादुर पालाको बहादुर शाह मृत्युभन्दा श्री ३ चन्द्रशमशेरले बेलायतमा राजदूताबास राखी अमेरिका सम्बन्ध राखेको होस गर्ने दिन आएका छन् । कूटनीतिक चातुर्य राणा शासनभन्दा प्रजातन्त्रमै तल गएको हो । हामी नेपालीले प्रजातन्त्र नाममा अब समन्वयमै ध्यान दिएमा अवश्य यो देश नेपाल आमाको मुहार उज्यालो हुन्छ हुन्छ । विदेशै बसी नेपाल आमा ठग्ने नेपालीको नेपालको सम्पत्ति लगत त वर्तमान मन्त्री लालबाबु पण्डितले बनाउनु भएकै होला । यही सार्वजनिकै बनाएपछि जनता फर्कने जत्ति आफैं फर्कने नै छन् उन्नति गर्ने नै छन् ।

## स्टालिन र माओको जीवनमा दृष्टि नपुगेका केही दूरगामी सवालहरू

मनसुन

# जोसेफ स्टालिन

मानव जातिका महान् सामाजिक वैज्ञानिक मार्क्स, एङ्गेल्सले सर्वहारावादी क्रान्तिको सिद्धान्त उन्नाइसौं शताब्दीमा प्रतिपादन गरे । उक्त सिद्धान्तलाई आधारमानी सोभियत नेता लेनिनमहान्ले बिसौं शताब्दीमा रूसको वस्तुगत अवस्था मध्यनजर राखी सिर्जनात्मक रूपले प्रयोग गरे । सन् १९१७ अक्टोबरमा लेनिन, स्टालिनको नेतृत्वमा रूसमा सशस्त्र विद्रोहबाट समाजवादी क्रान्ति सम्पन्न भयो । १९२४ तिर रूसमा समाजवादी समाज निर्माणकै क्रममा विश्व कम्युनिस्ट आन्दोलनका महान् नेता लेनिनको निधन भयो । त्यसपछि लेनिनको कार्यभार जोसेफ स्टालिनको काँधमा आयो ।

सन् १८७० मा जर्जियाको एक मजदुर परिवारमा जन्मिएका स्टालिन किशोर वयदेखि नै क्रान्तिकारी क्रियाकलापमा संलग्न होनहार योद्धा थिए । युवा अवस्थामै उनी पार्टीको गहन जिम्मेवारी वहन गर्न सक्षम नेता बने । अध्ययनशील, परिश्रमी एवं जनता, पार्टी र क्रान्तिप्रति बफादार स्टालिन युवा अवस्थामै विशिष्ट मार्क्सवादी विद्वान् बनेका थिए । सन् १९०३ मा पार्टीको सम्मेलनमा क्रान्तिकारी र संशोधनवादी लाइनबीच मतभेद हुँदा उनले क्रान्तिकारी लाइनको समर्थन गरे । त्यतिखेर बहुमतमा रहेका क्रान्तिकारीहरूलाई बोल्सेभिक भनियो । लेनिन बोल्सेभिकका मुख्य नेता थिए ।

स्टालिनले लेखेका लेख र साहित्यहरू पार्टीका निम्ति महत्त्वपूर्ण दस्तावेज हुन्थे । त्यसैले लेनिनले पनि ती साहित्यहरूको उच्च मूल्याङ्कन गरेका छन् । स्टालिनले जारकालीन रूसका धेरै प्रान्तहरूमा पार्टी सङ्गठन गरी तिनको तीव्र विकास गरे । त्यसैले लेनिनसमेत उनको उच्च सम्मान र मर्यादा राख्थे । स्टालिन सन् १९०२ देखि १९१३ सम्म जार शासनबाट सात पटक गिरफ्तार भए र छ पटक देश निकाला गरिए । १९१३ को अन्तिम गिरफ्तारपछिको साइबेरिया निर्वासनचाहिँ सबभन्दा लामो र ज्यादै कष्टप्रद थियो । सन् १९१७ को फेब्रुअरी क्रान्तिपछि मात्र साइबेरियाको उजाड ठाउँबाट जोसेफ स्टालिन पेट्रोग्राड आइपुगे । त्यसबेला पार्टी केन्द्रले उनलाई तुरून्तै पार्टीको मुखपत्र 'प्राब्दा' को जिम्मेवारी दियो ।

फेब्रुअरी क्रान्तिपछि रूसमा मिलीजुली सरकार बन्यो तर त्यो जार शासनभन्दा खासै भिन्न थिएन । पहिले नेतृत्वमा जार थिए, पछि केरेन्स्की । त्यो पुँजीवादी सत्ता उल्टाउन लेनिन, स्टालिनको नेतृत्वमा पार्टीले पूर्ण तयारीसाथ अक्टोबर २५, १९१७ मा सशस्त्र विद्रोह भयो । रूसी कम्युनिस्ट पार्टीभित्रकै संशोधनवादी–सुधारवादी नेताहरूले 'समाजवादी क्रान्ति सम्भव छैन' भनिरहेका बेला लेनिन, स्टालिनहरूको नेतृत्वमा समाजवादी क्रान्ति सफलतामा टुङ्गियो । लालसेनाले पहिला सहरहरू कब्जा गर्दै पछि गाउँहरू नियन्त्रणमा लिए । विशाल सोभियत भूमिमा रातो झन्डा फहरायो ।

क्रमशः

# मैले देखेको एकचालीसौं विश्व सम्पदा :
# लण्डनको वेस्ट मिनिस्टर एब्बि र पार्लामेन्ट भवन

सुरेन्द्र ढकाल




एब्बिभित्र रहेका राजारानीका चिहानहरू



एब्बिको विशाल प्रार्थना कक्ष



एब्बिका गजुरहरू भित्रबाट हेर्दा



एब्बिको सिसाको झ्यालमा गरिएको कलाकृति



वेस्ट मिनिस्टर संसद भवनअगाडि सुरेन्द्र सन् १९८९ मा



एब्बिको अगाडिको मोहडा

सुदूर उत्तरी फ्रान्सस्थित मेट्च सहर र त्यस सहरको बगैंचा अवलोकन गरेपछि हामी हाम्रो गन्तब्यतिर हानिने क्रममा फ्रान्सको कालेए तटमा आइपुग्यौं । त्यतिखेर फ्रान्स र बेलायतलाई जोड्ने इंगलिस च्यानलमा समुद्रमुनि बनाइन लागेको टनेल निर्माणाधीन अवस्थामा भएको हुँदा हामी समुद्री वारपार गर्ने जहाज फेर्‍री चढेर कालेएबाट बेलायतको डोभर पुग्यौं । त्यतिखेर बिहानको दश बजेको थियो । डोभरमा चिया पिएर हामी त्यहाँबाट लण्डनतर्फ हानियौं । लण्डन पुग्दा दिउँसोको १:३० बजेको थियो । एउटा रेस्टुराँमा फिस र चिप्स खाएर हामी बेलायतको र संसारकै सबैभन्दा ठूलो चर्च वेस्ट मिनिस्टर एब्बि हेर्न गयौं ।

### वेस्ट मिनिस्टर एब्बि

बेलायतको राजधानी लण्डनको मुटु वेस्ट मिनिस्टरमा रहेका रोमन गोथिक शैलीमा निर्माण भएको यो चर्च बेलायतकै सबैभन्दा ठूलो धार्मिक भवनभित्र पर्दछ । यही चर्चमा बेलायतका राजाहरुको राज्याभिषेक, विवाह जस्ता कार्य हुने गर्दा रहेछन् भने उनीहरुको चिहान पनि त्यही चर्चभित्र रहेछ । ७ औं शताब्दिमा नै मेल्लिटस भन्ने लण्डनको पादरी विशपको सक्रियतामा सानो धार्मिक भवनको रुपमा यो चर्चको निर्माण आरम्भ भएको रहेछ । पछि सन् १०४२ मा राजा एडवार्डले शाही चिहानको रुपमा १० वर्ष लगाएर यो चर्चलाई एंग्लोफ्रेन्च गोथिक शैलीमा विस्तार गरेका रहेछन् । यस चर्चमा सन् १०६६ मा पहिलो पटक तत्कालिन राजा विलियम महानको राज्याभिषेक भएको र तत्पश्चात हालसम्म त्यस चर्चभित्र १६ वटा शाही विवाह महोत्सव सम्पन्न भएको रहेछ । चर्चको अहिलेको अवस्थाको निर्माण कार्य सन् १२४५ मा राजा हेनरी द्वितीयले आदेश जारी गरी सुरु गरेका रहेछन् र १२६९ मा यस चर्चको वास्तुपूजा भएको रहेछ । पछि हेनरी द्वितीयको चिहान पनि त्यहीं राख्न लगाइएको रहेछ ।

राजा हेनरी सातौंको पालामा सन् १५०३ मा यस चर्चभित्र गजुरको निर्माण भएको रहेछ जुन भर्जिन मेरीप्रति समर्पित रहेछ । सन् १५३९ सम्म पादरीहरुको निवासको रुपमा रहेको यो चर्चले सन् १५४० मा क्याथेड्रलको हैसियत पाएको रहेछ र १५६० देखि बेलायती राजपरिवारको चर्चको रुपमा यो स्थापित बन्न पुगेछ । यो चर्चको मुख्य हल जसलाई नेभ भनिन्छ यो बेलायतकै सबैभन्दा अग्लो हल मानिन्छ । यस चर्चले संकलन गरेको दक्षिणा नै सन् १५३५ मा वार्षिक २८०० पाउण्ड रहेछ त्यो भनेको बेलायतका चर्चहरुले त्यतिबेला संकलन गर्ने दक्षिणा दोस्रो ठूलो राशि रहेछ । त्यतिखेरको यो २८०० पाउण्ड हालको मूल्यमा भन्ने १७ लाख पाउण्ड हुन आउँछ ।

रानी एलिजावेथ प्रथमको राज्यकालमा सन् १५६० जिर्णोद्धार गरी यस चर्चको नाम रोयल चर्च अफ इंगलैण्ड राखिएको रहेछ । एब्बिको पश्चिमका दुई टावरहरु २३ वर्ष लगाएर गोथिक शैलीमा सन् १७४५ मा निर्माण सम्पन्न गरिएको रहेछ । पछि १९औं शताब्दिमा सर जर्ज गिलबर्ट यस चर्चको पुनर्निर्माण र जिर्णोद्धार गर्न लगाएका रहेछन् । यस एब्बिको सिसामा गरिएका कलाकृतिहरु पनि ज्यादै सुन्दर देखिँदा रहेछन् । यस चर्चमा वार्षिक १८ लाख पर्यटकहरु पुग्दा रहेछन ।

### वेस्ट मिनिस्टर पार्लामेन्ट

एब्बिभित्र करिब एक घण्टा विताइ सबै कुरा अवलोकन गरेपछि हामी नजिकै रहेको बेलायती संसद भवन वेस्ट मिनिस्टर हेर्नतर्फ लाग्यौं । थेम्स नदीको उत्तरी किनार अवस्थित यस भवनको नाम पनि वेस्ट मिनिस्टर राख्नुको कारण नजिकैको एब्बि र बेलायती राजाको दरबार वेस्ट मिनिस्टर इलाकामा भएको कारण रहेछ । त्यतिमात्रै होइन यही कारण राजतन्त्रात्मक बहुदलीय संसदीय व्यवस्थाको नाम नै वेस्ट मिनिस्टर प्रणाली बन्न पुगेको रहेछ ।

आर्किटेक्ट चार्ल्स बेरीले गोथिक शैलीमा डिजाइन गरेको यो भवनको निर्माणक्रम १४औं शताब्दिमा सुरु भएर १६औं शताब्दिसम्म पुगेको रहेछ । यसो गर्दा पुरानो भवनको भग्नावशेषलाई पनि जिर्णोद्धार गरी नयाँ भवनको अंश जस्तै बनाइएको रहेछ । ३ दशमलव २४ हेक्टरमा फैलिएको यस भवनको मोहोडामात्रै ३०० मिटर लामो रहेछ । यस भवनको आधुनिक भागको निर्माण भने १८४० मा सुरु भएको र निर्माणमा ब्यापक ढिलाइ भएको कारण २० औं शताब्दिमा गएर पूर्ण भएको रहेछ । लण्डनको वायुप्रदूषण र दोस्रो विश्वयुद्धताका भएको क्षतिको कारण पनि यस भवनको मर्मत संभार नियमित कार्यभित्र पर्दोरहेछ । सन् १९७१ मा यस भवनलाई युनेस्कोको विश्व सम्पदा सूचीमा राख्न प्रयास गरेको भए तापनि सन् १९८७ मा उक्त सूचीमा पर्न गएको रहेछ । मध्यकालमा यो भवन राजाको निवासको रुपमा रहेको भए तापनि राज्यपरिषदको बैठक राजाले आफ्नै निवासमा बोलाउने कारण पछि गएर दरबारलाई अन्यत्र सारी यसलाई संसद भवनको रुपमा प्रयोग गर्न थालिएको रहेछ र सन् १७०७ देखि निरन्तर रुपमा बेलायतको दुबै सदनको बैठक यहीं बस्ने गर्दोरहेछ ।

मौलिक रुपमा दरबार भएको कारण यस दरबारमा महारानीको शयनकक्ष, राजकुमार राजकुमारीहरुको कक्ष आदि अद्यावधि रहेका छन् । सन् १८३४ को अक्टोबर १६ का दिन चुलोको आगो फैलिएर भएको आगलागीको कारण दरबार यहाँबाट सरेर नयाँ दरबार वकिंघममा पुगेको रहेछ । दोस्रो विश्वयुद्धताका १४ पटक भएको बमवर्षाको कारण यो भवनमा नराम्ररी क्षति पुगेको रहेछ पछि १९५० मा यस भवनको जिर्णोद्धार गर्न सुरु भई सन् १९५१ देखि यस भवनमा पुनः संसदको बैठक बस्न शुरु भएको रहेछ । हामीले भने यस भवनलाई बाहिरबाट हेर्‍यौं र लण्डनको अरु सम्पदा हेर्नतिर लाग्यौं ।


Remember us for the Construction of Private and Public Works

EWES East West Engineering Service Pvt. Ltd.
Consulting Architects, Engineers & Planners

GPO box no : - 8621, Kathmandu Nepal
Phone : +977-1- 4373316 , Fax- 4650203
Website: http://www .ewesnepal .com ä®:
E-mail: info@ewesnepal .com , hbgewe@gmail .com

Office Equipment Problems?
Get your solution today!
CrossWeb Office Automation Pvt. Ltd.
sales - service - support
happy to help
Same day service including:
:: Selection of Office Equipment
:: Sales & Services of Office Equipment
:: Network Setup and CCTV Surveillance Installation
:: Sales & Services of EPABX & Security Equipment
:: Data Backup and Recovery
:: Server & client configuration etc.
Our qualified technicians guarantee all of our work and parts.
Call us today for free advice and estimates
977 1 4444531, 4444532, 9851051003
E-mail: crossweb@mail.com.np; www.crossweb.com.np/contact
https://www.facebook.com/crossweb.automation.3

दाँते सोसाइटी नेपाल
नयाँ बानेश्वरमा इटालियन, अंग्रेजी र जर्मन भाषा सिकी आत्मनिर्भर बनौं ।
फोन : ९८५१०२३६७०, ४४४१८१२

SOS MANPOWER SERVICE (P) LTD.
www.sosmanpower.org
विश्वसनीय र भरपर्दो वैदेशिक रोजगारका लागि हामीलाई सम्झनुहोस्
ISO 9001 JAS-ANZ
Handphone : 9851024628
G.P.O. Box : 3565, Dhapasi, Kathmandu, Labour Dept. Lic. No. : 80/052/53
Tel : 01 4365986 Fax : 01 4365985, Email : sosierra@wlink.com.np

रातो पुल मैतीदेवीस्थित १५ आना १ पैसा क्षेत्रफलमा रहेको २ तले घरसहितको जग्गा बिक्रीमा ।
सम्पर्क : ९८५१०२३६७०
दलालले कष्ट नगरिदिनु होला

अनलाइन उजुरी विधि अवलम्बन गरौं, आफ्नो कुरा प्रष्ट पारौं ।
विभिन्न सञ्चारमाध्यममा आएका समाचार सामग्रीहरू पत्रकार आचारसंहिता प्रतिकूल भएमा प्रेस काउन्सिल नेपालको वेवसाइट
www.presscouncilnepal.org
मा गई अनलाइन उजुरी गर्न सकिनेछ ।
नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना विभाग

# 'युवा देशको भार हैन आधार बन्नुपर्छ'

**दोस्रोपल्ट १२० दिने प्रशिक्षण सुरु**

काठमाडौं : राष्ट्रिय खेलकुद परिषद्मा आबद्ध भएर लोकप्रिय बन्दै गएको मार्सल आर्टस्सम्बन्धी खेल तङ्ग-इल मो-दो संघले नेपालमा पनि सफलता हात पार्दै गएको छ । केही वर्षअगाडि मात्रै यो खेल राष्ट्रिय खेलकुद परिषद्मा १२८ नम्बरमा दर्ता भएको थियो ।

नेपालमा दोस्रोपल्ट १२० दिने मार्सल आर्टस् नेतृत्व कौशल तथा शान्ति अध्ययन विषयक प्रशिक्षण कार्यक्रम आइतबारबाट सुरु भएको छ । तङ्ग इल मोदो संघ नेपाल (एकीकृत मार्सल आर्ट) को आयोजनामा यही चैत्र २५ देखि विश्व शान्ति तथा एकिकृत परिवार संघ नेपालको राष्ट्रिय तालिम केन्द्र, जोरपाटीमा प्रशिक्षण भइरहेको छ ।

उद्घाटन समारोहमा प्रमुख अतिथि पूर्वमन्त्री एकनाथ ढकालले तङ्ग इल मोदो मार्सल आर्टको नयाँ संस्करण भएको बताउँदै नेपालमा यसले छुट्टै पहिचान बनाएकोमा गर्व गरे । उनले भने, 'युवाहरू देशको भार हैन आधार बन्नुपर्छ । खेलको माध्यबाट भातृत्वको विकास गरिने तथा समाजमा शान्ति स्थापनामा पनि महत्वपूर्ण योगदान रहने हुँदा यसको विकासमा सबै लाग्नुपर्छ ।'

खेल लगायत जुन सुकै क्षेत्रमा पनि जित र हार एक सिक्काका दुई पाटा भएको बताउँदै हारबाट नआत्तिन र जितबाट नमात्तिन अध्यक्ष ढकालले सबैलाई आग्रह गरे । उनले अरूलाई सम्मान गर्न सके मात्र आफूले सम्मान पाउने बताउँदै गर्दै अब सानो चित्त र मानसिकता तोडेर अगाडि बढ्नुपर्ने आवश्यकता औंल्याए । आफूले सिकेको ज्ञान र सिप अरूलाई समेत बाँडन उनले प्रशिक्षार्थी सबैलाई आग्रह गरे ।

समारोहमा अर्का वक्ता युपीएफ नेपालका महासचिव विनोद डाँगीले १२० दिने तालिमको उद्घाटनमा आउन पाएकोमा




आफ्नो जिम्मेवारी बोध गराउन र नैतिकवान् बनाउनमा यस प्रशिक्षणले महत्वपूर्ण भूमिका खेल्ने बताए । तङ्ग-इल मो-दो संघ नेपालका अध्यक्ष सन्तोषकुमार पौडेलले खेलकुद स्वस्थ जीवन, अनुशासन, राष्ट्रको गौरवका लागि महत्वपुर्ण हुनेबारे प्रकाश पारे । उनले खेलाडीहरू देशका गहना र शक्ति रहेको बताए । तालिममा सहभागी खेलाडीहरूलाई मार्सल आर्टका अलवा अग्रेजी तथा कोरियन भाषा प्रशिक्षण, सरसफाई, सामाजिक उतरदायित्व , व्यक्तित्व विकास, बाढीपीडितलाई राहत संकलनलगायत सामाजिक कार्यमा समेत सहभागिता गराइने राष्ट्रिय




खुशी व्यक्त गर्दै खेलाडीले सिकेको सिप राष्ट्रको सम्पत्ति रहेको बताए ।

यसैगरी, एफएफडब्लुपीयू सेन्ट्रल एशियाका उपाध्यक्ष डा. छान् उक युनले खेलको माध्यमबाट युवावर्गमा नैतिक शिक्षा दिन सकिने र यसका लागि तङ्ग-इल मो-दो सफल हुँदै गएको बताए । यो खेलको माध्यबाट शान्ति स्थापनामा सहयोग पुग्ने विश्वास व्यक्त गर्दै उनले खेलाडीहरूलाई समाजप्रति तालिम केन्द्रका निर्देशक रुपसिंह भण्डारीले बताए । प्रशिक्षणमा पूर्व मेचीदेखि पश्चिम महाकालीसम्मका १३० जना युवा-युवतीहरूको सहभागिता रहेने छ ।

# सहकारीको साधारणसभा

अमृताम्भ वचत तथा ऋण सहकारी संस्था लि.को बिशेष साधारणसभा स्वयम्भु पिस जोन होटलमा सम्पन्न भएको छ । सभामा अध्यक्ष नवराज श्रेष्ठबाट विशेष साधारणसभामा मन्तव्य राख्दै हालै बसेको बैठकले संचालक समितिका उपाध्यक्ष सुरेन्द्र रञ्जित, कोषाध्यक्ष लक्ष्मीहिरा कंसाकार, सदस्यहरु राजेन्द्रदास श्रेष्ठ, पदमकुमार श्रेष्ठ, र संगिता श्रेष्ठबाट राजीनामा पेश भएकोले विशेष साधारणसभामार्फत पुनर्गठन गर्ने निर्णय भएको छ ।

प्रमुख अतिथी जनस्तरबाट गठित नागरिक मुल समारोह समितिका अध्यक्ष उमा श्रेष्ठ "हिमा" ले सहकारी संस्थालाई अगाडि बढाउन महिलाहरूलाई बढी मात्रामा सक्रिय तुल्याउनू पर्छ भन्दै समारोह समितिको हिसाब किताब पारदर्शी राख्न यस सहकारी संस्थामा खाता खोल्ने कुरामा पुनः दृढता व्यक्त गर्नुभयो । नव गठित संचालक समितिका उपाध्यक्ष



सुरेन्द्रकुमार मगरले आफूले कूरा गरेर होइन काम गरेर संस्थापक सदस्यहरूको विस्वास दिलाउने कुरा बताउनुभयो ।

त्यसै गरी नवगठित संचालक समितिका कोषाध्यक्ष रोस्निता मगर लामिछानेले साधारण सभमा उठेका र चासो राखेका विषय गम्भिरतापूर्वक लिने भन्दै अहिले संचालक समितिलाई विस्वास गर्न अनुरोध गर्नुभयो ।

संस्थापक सदस्य बाबुराजा डंगोलले संस्थामा देखा परेका असमझदारीप्रति चिन्ता प्रकट गर्दै आगामी दिनमा साधारणसभाले पूनर्गठन गरेको संचालक समितिका पदाधिकारीहरूले संस्थालाई चुस्त र दुरुस्त ढंगबाट संस्थाको गतिविधी चलाउन सुझाव दिनुभयो ।

पूर्वकोषाध्यक्ष लक्ष्मी हिरा कंसाकारले आफुले दुःख गरी अगाडी बढाएको यस संस्थालाई नमुनाको रुपमा स्थापित गर्नूपर्छ भन्दै नव नियुक्त पदाधिकारीहरूलाई बधाई दिनुभयो । पूर्वउपाध्यक्ष सुरेन्द्र रंजितले विगतको समयमा देखा परेका कमी कमजोरीहरूलाई सच्याएर अघि बढ्न शुभकामना दिनुभएको थियो । संस्थाप्रतिको आफ्नो दायित्व र कर्तव्य पुरा गर्न हरहमेसा तयार रहेको उहाँले बताउनुभयो ।

# संविधान आयो, समानता आएन

निर्माण प्रक्रिया सुरु भएको आठ वर्षपछि ३ असोज ०७२ मा नेपालीले नयाँ संविधान पाए । लामो प्रयास र सङ्घर्षपछि नेपालको नयाँ संविधान जारी भए पनि यसले महिलाका हक-अधिकारलाई पूर्ण रूपमा सम्बोधन गर्न सकेको छैन । संविधानले महिलाप्रति गरेको विभेदको सर्वत्र आलोचना र विरोध भइरहेको छ। महिला अधिकारकर्मी असन्तुष्ट छन् । तर, राजनीतिक दलहरूले यो असन्तुष्टिको सुनुवाइ गरिरहेका छैनन् ।

२०४७ सालको संविधानभन्दा २०६३ सालको अन्तरिम संविधान महिला दृष्टिकोणले राम्रो थियो । त्यसैगरी २०६३ को अन्तरिम संविधानभन्दा २०७२ को नयाँ संविधान महिलाका लागि उपयुक्त र उत्कृष्ट छ भन्छन् नेपाली काङ्ग्रेसका सभासद् तथा प्रमुख सचेतक चिनकाजी श्रेष्ठ ।

श्रेष्ठका विचारमा महिलाका लागि नयाँ संविधानले थुप्रै अधिकार दिएको छ । सबैभन्दा ठूलो उपलब्धि महिलाले आफ्ना सन्तानलाई वंशजको नागरिकता प्रदान गर्न सक्ने व्यवस्था हो, जुन यसभन्दा पहिलेका संविधानमा यति स्पष्ट व्यवस्था थिएन । विदेशी पुरुषसँग विवाह गरेका महिलाले आफ्ना सन्तानलाई अङ्गीकृत नागरिकता दिन सक्नेछन् ।

कानुनमन्त्री अग्नि खरेल भन्छन्, 'केही विभेद भए पनि अहिलेको संविधानले महिलाका लागि धेरै सकारात्मक व्यवस्था गरेको छ ।' महिलाका मागलाई सकेसम्म आफूहरूले सम्बोधन गर्न खोजेको बताउँदै मन्त्री खरेलले भने, 'हामी लचक भएका हौं, तर सबै दलबीच सहमति हुन सकेन ।'

एनेकपा माओवादीका सभासद् तथा सचेतक रेखा शर्मा भन्छिन्, 'विगतमा बनेका संविधानभन्दा अहिलेको संविधान केही उपयोगी त छ, तर पूर्णतः लैङ्गिक विभेदमुक्त छैन ।' हामीले अहिलेको संविधानलाई कमभन्दा कम लैङ्गिक विभेदमुक्त गर्न खोज्यौं, तर पूर्णतः विभेदमुक्त बन्न सकेन ।'

संविधानसभाबाट पूर्ण रूपमा लैङ्गिकमैत्री संविधान

**बाबुको नामबाट नागरिकता लिँदा सन्तानले आमाको पहिचान खुलाउनुपर्दैन । तर, आमाको नामबाट नागरिकता लिँदा उसले अनिवार्य बाबुको पहिचान खुलाउनुपर्छ । यो विभेद छ नयाँ संविधानमा ।**

नबन्नु एउटा ठूलो क्षति ठान्नेहरू पनि छन् । अधिवक्ता तथा पूर्वसभासद् सपना प्रधान मल्ल विश्वकै महिलामैत्री संविधान बन्ने अवसर गुमेको बताउँछिन् । उनी भन्छिन्, 'नयाँ संविधानले महिलाका अधिकारलाई षड्यन्त्रपूर्वक ढङ्गले कटौती गरेको छ । महिलाको पहिचानसँग जोडिएको मूल अधिकार हटाएको छ । राज्यले नागरिक-नागरिकबीचमा विवाहको आधारमा विभेद नगर्ने भन्ने कुरामा सहमति भएको थियो । अहिले आएर त्यसलाई तीन दलको संशोधन प्रस्तावको माध्यमबाट हटाइयो । नागरिकतामा 'वा' त आयो, तर त्यो 'वा' महिलाका लागि नभई पुरुषका लागि मात्र भएर आयो ।'

बाबुको नामबाट नागरिकता लिँदा भने सन्तानले आमाको पहिचान खुलाउनुपर्ने बाध्यकारी व्यवस्था नभए पनि आमाको नामबाट नागरिकता लिँदा सन्तानको नागरिकतामा अनिवार्य बाबुको पहिचान खुलाउनुपर्ने व्यवस्था गरियो । मल्ल भन्छिन्, 'पारित भएको व्यवस्थाअनुसार बाबु बेपत्ता भएको वा बाबुले नागरिकता दिन नचाहेमा र बलात्कारबाट जन्मेको बच्चाको नागरिकतामा बाबुको पहिचान नखुलेको लेखिनेछ । आमा एक्लैले सन्तानको नागरिकता दिन सक्ने अवस्था अहिले पनि छैन ।' त्यस्तै, नेपाली पुरुष र विदेशी आमाबाट जन्मेका सन्तानले सहजै वंशजको नागरिकता पाउँछन् भने नेपाली आमाले विदेशी पुरुषसँग बिहे गरे तिनबाट जन्मेका सन्तानले अङ्गीकृत नागरिकता पाउने व्यवस्था छ ।

नेपालको संविधान २०७२ पारित हुनासाथ संविधानसभाबाहिरबाट संविधानले महिलाका मुद्दालाई पूर्ण रूपमा समेट्न नसकेको गुनासा उठे । अन्तरपार्टी महिला सञ्जालकी अध्यक्ष शशि श्रेष्ठ संविधानमा महिला हक-अधिकारसँग सम्बन्धित केही व्यवस्था सकारात्मक भए पनि अरू धेरै व्यवस्थालाई संशोधन गर्नुपर्ने बताउँछिन् । अन्तरपार्टी महिला सञ्जालले महिला हक-अधिकार स्थापित हुन सकून् भनेर विभिन्न माग प्रस्तुत गरेको थियो । त्यसमा प्रस्तावनामा सामन्ती भन्ने शब्दपछि पितृसत्तात्मक थप्नुपर्ने, भाग २ नागरिकता धारा ११ नेपालको नागरिक ठहर्ने, उपधारा (२) (ख) मा भएको व्यवस्थामा नेपालीपछि वंशजको थप्नुपर्ने माग गरिएको थियो ।

नागरिकताका सवालमा मात्र नभएर अन्तरपार्टी महिला सञ्जालले धारा ६१ राष्ट्रपति उपधारा १ मा राष्ट्रपतिको ठाउँमा राष्ट्राध्यक्ष राख्न भनेको थियो । सञ्जालले विभिन्न ३७ वटा विषयमा थप संशोधन जरुरी रहेको बताएको छ । संविधान केही प्रगतिशील बनेर आएको भए पनि यसले थुप्रै ठाउँमा महिलालाई विभेद गरेको अधिकारकर्मी दुर्गा सोवको भनाइ छ ।

संविधान आयो, तर यसले महिलालाई पूर्णतः विभेदमुक्त बनाउन सकेन । प्रधानमन्त्रीको अध्यक्षतामा गठन हुने राष्ट्रिय सुरक्षा परिषद्ले नेपाली सेनामा महिला, दलित, आदिवासी, जनजाति तथा पिछडिएका क्षेत्रका नागरिकको प्रवेश समानता र समावेशी सिद्धान्तको आधारमा कानुनबमोजिम गरिने उल्लेख गरेको छ । राजनीतिक दलसम्बन्धी व्यवस्थामा दलका विभिन्न तहका कार्यकारिणी समितिमा नेपालको विविधतालाई प्रतिबिम्बित गर्ने गरी समावेशी सहभागिता गरेको हुनुपर्ने व्यवस्था छ । महिलाको माग भने यी व्यवस्थामा ५० प्रतिशत महिला सहभागिताको सुनिश्चितता गरिनुपर्ने र नगरेको खण्डमा दल दर्ता नहुने र दर्ता भएको अवस्थामा यस्तो दल खारेज हुने व्यवस्था हुनुपर्ने भन्ने थियो ।

(सञ्चारिका फिचर सेवा)

बांगा कविता

## अब के पो मागुँ नयाँ वर्ष



● प्रेम ओली
(ढकलपुरे)

गर्नुपर्ने विकास यहाँ सबै गरिसके
समृद्धि, सुख, शान्तिले देश भरिसके
तिमीले ल्याउने भएको विकास सबै
नेताहरुले ल्याइसके
तिमीले गर्ने भनेको प्रगति सबै
नेताले उहिलै गरेर भ्याइसके
अब तिमीलाई के ल्याउ भनूँ नयाँ वर्ष !

रोजगारी काम धन्दा सबैले पाइसके
प्रदेश बस्नेहरु पनि सबै यतै आइसके
भोका पेट हुनेले पनि टन्न खाइसके
नाङ्गो हुनेले पनि एक सरो लुगा लाइसके
अब त गर्नुपर्ने केही बाँकी देख्तिन
तिमीसित के पो मागूँ र नयाँ वर्ष !

देशमा पानी जहाँ पनि हिँडिसक्यो
ट्रेन पनि पूर्व पश्चिम गुडिसक्यो
जेट पनि नेपाली झन्डा फरफराउँदै
संसारको कुना कुनासम्म उडिसक्यो
पचास वर्षमा नभाको विकास अब
पाँच वर्षमा नै हुने छाँट छ
भन्नुस् यस्तो दुर्त गतिमा विकास गर्ने
कुन छिमेकी मुलुकको आँट छ ?

तिमीले बाँटेका सपना सबै नेताले
पुर्‍याइसके
तिमीले साटेका सपना सबै नेताले
जुराइसके
उधोगधन्दा सबै खुलिसके
सुख शान्ति उन्नति ढकमक्क फुलिसके
अब तिमीसँग के पो मागूँ त नयाँ वर्ष ?

धान फल्ने खेतमा अग्ला घर फल्याछन्
तरकारी जे फल्याछन् जहर फल्याछन्
क्यै नगरे पनि
नगर सबै महानगर भइसके
गाउँ गाउँ पनि सबै सहर भइसके
देश पनि कुनै बेलाको सिंगापुर भइसक्यो
अब युरोप अमेरिका हुन बाँकी छ
नपत्याए हेर्नुस् त नयाँ राजधानीहरु
साक्षी छ

खै के भा हो नेतामा अचेल भाषण
नै गर्न छाडिसके
बोलेको भन्दा क्यौ कुना धेरै काम
देखाउँछन्
यस्तै हो भने अब यिनले एक दिन
अवश्य
गिनिज बुकमा आफ्नो नाम
लेखाउँछन्
हुने कुरा सबै भइसकेपछि
अब तिमीसित के मागूँ नयाँ वर्ष ?

माग्ने पनि कुनै ठाउँ छैन
तिमी आफैं आएर हेर त
विकास नभाको कुनै गाउँ छैन
अब भोकै कसैलाई बस्नै पर्दैन
सिटामोल नपाएर कसैलाई कालको
मुखमा पस्नै पर्दैन
सुत्केरीलाई अस्पताल नपाएर कतै
फस्नै पर्दैन
गरिबले जोगी भएर खरानी घस्नै पर्दैन
हामीले विदेशीको मुख ताक्नै पर्दैन
एनजीओ आइएनजीओसँग हात
थाप्नै पर्दैन
बन्द हर्ताल चक्काजाम सबै बन्दै छन्
बैंक ब्यापारी सबै नगद टन्न गन्दै छन्
जुलुस नारा अब सबै मन्दै छन्
देशले काँचुली फेर्‍यो सबै भन्दै छन्
योभन्दा अब देशमा के चाहियो
नयाँ वर्ष
मागेको सोचेको सब पाइयो नयाँ वर्ष
बरु तिमीलाई अब
यो समृद्ध नेपालमा भव्य स्वागत छ
नयाँ वर्ष ।

कथा

■ लक्ष्मी उप्रेती

## निष्कर्ष (२)

यस्तो रहर हुँदा हुँदै पनि कति नलगाउने त नानी । अस्ति नानीका कुरा सुनेपछि ती बूढा त मेरा कहिले पो भए र उनको नाममा आफ्नो रहर त्याग्नु जस्तो लाग्यो । त्यसैले अब त लाउँछु म पनि टिका चुरा आजदेखि नै हुन्न नानी ।" यसो भन्दै पवित्रा हाँस्दै उभिइरहिन् ।

उनका यस्ता कुरा सुनेर म जिल्लिनसम्म जिल्लिन्छु । यत्रो वर्षसम्म पवित्राले यति सानो रहर पनि पो कुण्ठित गरेर बाँचिरहेकी रहिछन् । अस्ति उनी र म बिच भएको त्यति कुराले मात्र आएको परिवर्तन देखेर मलाई निकै उत्साहित बनायो । म भित्रभित्रै गद्गद भएँ उनको परिवर्तित विचार सुनेर बल्ल उनले आफूलाई बुझ्न सकिन् झैँ लाग्यो ।

"साँच्ची कै लगाउने हो त आमै ?" मैले जिस्क्याउँदै सोधेँ ।

"हो हजुर १ अब म लगाउँछु, लाउन मन लागेका कुरा बाँचुन्जेल लगाउँछु । तपाईंले मेरो भित्री मनको आँखा बल्ल खोलिदिनु भयो ।" भावुक हुँदै पवित्राले आत्मविश्वासका साथ भनिन् । त्यसबेला उनको अनुहारमा तेजिलो आभा छरियो । भावुकताले भरिएको उनको आवाजमा पनि जीवनका बाँकी रहरहरू पूरा गर्ने आत्मबल र आत्मविश्वासले भरिएको आँटिलो निष्कर्ष थियो ।

त्यति बेलासम्ममा आश्रमका दिदी बहिनीहरू सबै मेरा वरिपरि भेला भइसकेका थिए । अनि उनीहरूले पवित्राको यस्तो महत्त्वपूर्ण निर्णयको समर्थन गर्दै ताली बजाए र उनको मनोबल बढाउन एकै स्वरमा पवित्रा आमैले लाएपछि मात्र हामी लगाउँछौ । त्यसैले आज सबैभन्दा पहिला आमैलाई नै रोजाएर आमैका लागि चुरा टिका दिनु अनि मात्र हामीलाई दिनु भने ।

सबैका कुरा सुनेर मलाई खुसी लाग्यो ।

मैले पवित्रालाई हातभरि चुरा लगाइदिएँ । रातो टिका लगाएर एक प्याकेट टिका पनि दिएँ । त्यसपछि त्यहाँ भएका दिदी बहिनीहरूलाई दिएँ । आफूले पाएका चुराहरूबाट पहिला दुई/दुईवटा चुरा निकालेर सबैले पवित्रालाई लगाइदिए । अनि मात्र उनीहरूले लगाए ।

पवित्रा रातो टिका र हातभरि राता चुरामा सजिएर धपक्कै बलिन् । मलाई लाग्यो शृङ्गारका सामग्रीले नारीलाई कस्तो फरक पार्दो रहेछ । ६५ वर्षकी पवित्रा आज ५० वर्ष भन्दा कम उमेरकी देखिएकी थिइन् । शृङ्गार पनि नारीका लागि निकै आवश्यक कुरो रहेछ, मैले त्यस्तो अनुभव गरेँ ।


# हार्दिक धन्यवाद

यस ग्रेटर नेपाल साप्ताहिकको २०७४ साल पुस, माघ, फागुन र चैत महिनाभित्र वार्षिक ग्राहक बनी, विज्ञापन उपलब्ध गराइ तथा अन्य सहयोग गरी राष्ट्रवाद संरक्षणको अभियानमा योगदान गर्ने निम्नानुसारका व्यक्ति तथा संस्थालाई हार्दिक धन्यवाद ज्ञापन गर्दछौं :

(१) अशोकमान वैद्य (२) श्रीराम श्रेष्ठ (बी) (३) सुरेश लम्साल (४) नेपाल सरकार सूचना विभाग (५) सीबीएस इन्टरप्राइजेज (६) रेसम चौलागाईं (७) महेन्द्र रञ्जित (८) मुकुन्द शर्मा (९) उपेन्द्र ढकाल (१०) उपज ढकाल (११) क्रसवेभ अफिस अटोमेसन, (१२) कुन्दन मिश्र

# अमेरिका चीन व्यापार युद्ध र यसको सम्भावित परिणाम

**सुधाकार्ल**

गत हप्ता अमेरिका र चीनबीच भएको ब्यापार युद्ध संसारभरिकै आर्थिक पत्रिकाको प्रमुख समाचार बन्यो । चीनसँगको ब्यापारमा अमेरिकालाई ठूलो ब्यापारघाटा भएको कारण उनले चिनियाँ वस्तुको भन्सार दर बढाएपछि चीनले पनि अमेरिकाबाट चीन आउने वस्तुमा भन्सार लगाउने घोषणा गर्‍यो । कतिले त यो ब्यापार युद्धले कतै चीन र अमेरिकाबीच साँच्चिकै युद्ध त हुने होइन भनी लखसमेत काट्न पुगे ।

अमेरिकासँगको ब्यापारमा चीनलाई नाफा भइरहेको अवस्थामा अमेरिकालाई अलि छुट दिएर उसको ब्यापारघाटा अलिकति कम गर्न दिएर चीनलाई कुनै फरक नपर्ने हुँदा उसले अमेरिकासँग यस ब्यापार सौहार्द्रता देखाउनुपर्ने हो भन्ने अमेरिकी आर्थिक विश्लेषकहरुको तर्क रह्यो । तर चीनले भने जस्तालाई त्यस्तै ढिंडोलाई निस्तै भन्ने उखान चरितार्थ गरेर देखाइदियो ।

सुरुमा ५० अरब डलरको चिनिया वस्तुमा भन्सार लगाउने निर्णय लिएका अमेरिकी राष्ट्रपति ट्रम्पले चीनले अमेरिकी वस्तुमा भन्सार लगाएपछि उत्तेजित भएर १ खरब डलरको चिनिया वस्तुमा भन्सार लगाइदिएका छन् । कसै कसैले त विना द्विपक्षीय वार्ता एकपक्षीय रुपमा भन्सार बढाउने कार्यको कारण अमेरिकी सेयर बजार ५० प्रतिशतले खस्कन गई आगामी निर्वाचनमा रिपब्लिकनहरु हार्न सक्ने पनि भविष्यवाणी गरेका छन् र आफ्नै दललाई हराउने किसिमको अल्लारे निर्णय लिनु राम्रो होइन भन्ने आवाज पार्टीभित्रै उठ्न थालेको परिप्रेक्ष्यमा ट्रम्पको राजनीतिक भविष्य त्यति उज्यालो देखिँदैन । दीर्घकालीन सोच बनाउने हो भने ब्यापारका लागि चीनलाई अमेरिका चाहिएको छ अमेरिकालाई चीन होइन, त्यसकारण पनि ब्यापारिक टेन्सन कम गर्न चीन नै अघि सर्नुपर्दछ भन्छन् अन्तर्राष्ट्रिय बजार विश्लेषकहरु ।

ट्रम्पकै जस्तै बहुलाहापन चीनले देखाउनु हुँदैन । उसलाई सेयर बजार बढोस् कि घटोस् कुनै मतलव नै छैन । चीनले अमेरिकी वस्तु आफ्नो देशमा जति आयात गर्छ त्यसको ३ गुणा



बढी आफ्नो वस्तु अमेरिकामा निर्यात गर्दछ । त्यसकारण चीन अमेरिकाबीच ब्यापारिक तनाव भएमा यसको असर अमेरिकालाई भन्दा चीनलाई पर्दछ भनेर चीनले बुझ्नुपर्ने कुरा विशषेज्ञ औंल्याउछन् । चीन र अमेरिका बीच जुन ब्यापार नाफा र घाटाको अनुपात छ, त्यो वास्तविक र क्रमशः बढ्दै गइरहेको छ । जति ब्यापार नाफा चीनलाई हुन्छ त्यतिकै चीनको अन्तर्राष्ट्रिय रुपमा लगानी गर्ने क्षमतामा पनि वृद्धि हुन्छ भने अमेरिकीहरुको भनेको उपभोगको मात्रा मात्रै बढ्ने हो ।


चीनको उत्पादन गर्ने क्षमता बढी छ भने अमेरिकाको उपभोग गर्ने मात्रा बढी छ र यसकारण पनि ट्रम्पकै शैलीमा चीन उत्तेजित हुनु हुँदैन । यसमा डब्लुटिओको मध्यस्थता खोजिनुपर्छ । अर्कोतर्फ अमेरिकाको वचत दरभन्दा चीनको वचत दर बढी भएको हुँदा पनि लगानी गर्ने क्षमतामा चीन अमेरिकाभन्दा अगाडि रहेको देखिएको छ । यसले गर्दा विश्व अर्थतन्त्रलाई स्थायित्व दिनमा पनि अब आएर अमेरिकाभन्दा चीन बढी जिम्मेवार देखिएको छ । खाली फरक कुरा के हो भने अमेरिका प्राकृतिक स्रोतमा चीनभन्दा धनी छ भने चीन अमेरिकाभन्दा मानवीय स्रोतमा बढी धनी छ ।


चीनको आर्थिक विकास भनेको त्यसकारण व्यापारको उन्नतिमा भरपर्दछ भने अमेरिकालाई ब्यापार भए पनि नभए पनि केही फरक पर्दैन । त्यसैले भन्सार दर बढाउने कुरामा चीनले अमेरिकासँग प्रतिस्पर्धा गर्ने जरुरत नै पर्दैन । पछिल्लो तथ्यांकले के देखाउँछ भने अझै पनि चीनसँगको विदेशी मुद्रा सञ्चिती ३७ खरब डलरभन्दा बढी छ । यसको अर्थ लगानी गर्ने क्षमतामा चीन अमेरिकाभन्दा धेरै अगाडि भएको कारण चीनको नेतृत्वमा रहेको पूर्वाधार विकास बैंकले लगानी गर्ने कुरामा विश्व बैंक र एसियाली विकास बैंक दुवैलाई पछि पार्ने देखिन्छ ।


के ब्यापार युद्ध साँच्चैको युद्धमा परिणत होला त ? विगतका दुई विश्वयुद्धको कारक तत्व अन्तर्राष्ट्रिय ब्यापार नै थियो । १८औं शताब्दिमा युरोपमा भएको औद्योगिक क्रान्तिको कारण औद्योगिक उत्पादनमा बेस्सरी वृद्धि भयो । त्यो उत्पादनको लागि बजार र झन् बढी कच्चा पदार्थ खोज्ने प्रतिस्पर्धामा युरोपेली मुलुक खास गरी बेलायत र फ्रान्स लागि परे । यस क्रममा उनीहरुले अमेरिकालगायत भारत-चीन सिंगै अफ्रिकाली देशहरु र विश्वलाई नै आफ्नो उपनिवेश बनाए । विश्वलाई आफ्नो उपनिवेश र बजार बनाएका बेलायत र फ्रान्सको एकाधिकार तोड्न जब जर्मनी र जापान अघि सरे तब दुई पटक विश्व युद्ध हुन पुग्यो । अहिले चीन एकातिर र बाँकी जि सेभेनका राष्ट्रहरु अर्कोतिर अन्तर्राष्ट्रिय ब्यापार आफ्नो नियन्त्रणमा लिन होडबाजी गरिरहेका छन् र यस प्रतिस्पधाको दौडानमा सबैभन्दा अगाडि चीन भएको कारण अमेरिका र पश्चिमको राष्ट्रको लागि टाउको दुखाइको विषय बनेको छ । तिब्बत, ताइवान, हङकङ अनि मकाउलाई उचालेर विवाद सिर्जना गरी चीनलाई राजनीतिक रुपमा विखण्डन नगर्ने हो भने विश्व राजनीतिमा आफ्नो हैसियत नरहने देखी अमेरिका र युरोपेली देशहरु चीनप्रति आक्रामक भएर प्रस्तुत भइरहेका छन् र चिनिया वस्तुलाई बेस्सरी भन्सार लगाउने राष्ट्रपति ट्रम्पको पछिल्लो निर्णय त्यसैको उदाहरण हो । अन्तर्राष्ट्रिय ब्यापरिक प्रतिस्पर्धामा खरो रुपमा उत्रन चीनले वन बेल्ट वन रोड (ओविओआर) को अवधारणा र त्यसको कार्यान्वयनमा लागि पर्नासाथ त्यसलाई चुनौति दिँदै अमेरिका र पश्चिमा देशहरुले एसिया अफ्रिका ग्रोथ करिडरको अवधारणा अघि सारेको अवस्था छ । आर्थिक सहयोग होइन ब्यापार गरौं र त्यसको माध्यमबाट आर्थिक विकास गरौं (ट्रेड नट एड) भनी अमेरिकाको नेतृत्वमा स्थापना भएको विश्व ब्यापार संगठन नवउपनिवेशवादको नयाँ रुप भएको छ । विकासशील र अति कम विकसित राष्ट्रहरुमा देखिएको भयावहपूर्ण ब्यापारघाटाले के देखायो भने साना र कमजोर राष्ट्रहरु ठूला र विकसित राष्ट्रहरुको बजार बनिराखेका छन् र उनीहरु कुनै पनि बेला आर्थिक रुपमा असफल बन्ने संघारमा छन ।

ब्यापारिक कुरामा मात्रै होइन, सामरिक अनि शस्त्रअस्त्रको कुरामा समेत चीनको विकासले छलाङ मारेको छ । यो अमेरिका र पश्चिमा राष्ट्रहरु जो चीन विखण्डनमा लागि परेका छन् उनीहरुको लागि झन् ठूलो टाउको दुखाइको विषय भइरहेको परिप्रेक्ष्यमा चीन अमेरिका ब्यापार युद्ध कुनै पनि बेला सामरिक युद्धमा परिणत होला भन्न सकिन्न ।

*(एजेन्सीहरुको सहयोगमा)*







## रोचक संसार

### लामखुट्टे मार्ने राडार




चीनमा यस्तो सैन्य राडार बनाइएको छ जसले लामखुट्टेलाई जिउन दिनेछैन । अर्थात् यसले लामखुट्टेको खोजी खोजी सफाया गर्नेछ । उक्त शक्तिशाली राडारले लामखुट्टेलाई शत्रु सम्झी निशाना बनाउनेछ । चीनको जंगली तथा दुर्गम इलाकाहरुमा तैनाथ सेनाका जवानहरु शत्रुको हमलाबाट नभै लामखुट्टेको टोकाईबाट सर्ने रोगका कारण जोखिममा पर्ने गरेका छन् । लामखुट्टेका कारण सैनिकहरुलाई मलेरिया, डेंगु, जिका भाइरस लगायतका रोगहरुका कारण मृत्यु हुने गरेको छ । जसका कारण लामखुट्टे नै सेनाको सबैभन्दा ठूलो शत्रु बन्न पुगेको छ । सोही कारण चीनको सरकारी अनुसन्धान विभाग लामखुट्टेमाथि धावा बोल्ने उक्त अनौठो राडार निर्माण गरी त्यसको सफल प्रयोगमा जुटेको छ । जसले २ किलोमिटरसम्मको क्षेत्रमा रहेका लामखुट्टेलाई खोजेर नष्ट गर्दछ ।

यो सैन्य राडारले ठीक उहीँ प्रविधिमा काम गर्दछ जसले सेनाको राडारले लुकेका शत्रुहरु पत्ता लगाएर मिसाइल वा गोली प्रहार गर्दछ । यस राडारले विकिरणको प्रहारमार्फत लामखुट्टेलाई नष्ट गर्दछ । बेइजिंग इन्स्टिच्यूट अफ टेक्नोलोजीमा रहेको रक्षा प्रयोगशालामा यो राडारको प्रोटोटाइपको परीक्षण चलिरहेको छ । परीक्षण सफल भएसँगै यसलाई सैन्य विभागलाई हस्तान्तरण गरिनेछ ।

### अन्तरिक्षमा लग्जरी होटल

अमेरिकी कम्पनी ओरियन स्प्यानले अन्तरिक्षमा विश्वकै पहिलो यस्तो लग्जरी होटल बनाउने योजना बनाएको छ, जसमा सम्पूर्ण सेवा सुविधा हुनेछन् । क्यालिफोर्नियास्थित सेनजोसमा स्पेस टू समिट कार्यक्रममा जानकारी दिइएअनुसार अन्तरिक्षमा विश्वकै पहिलो लग्जरी होटलको निर्माण गरिनेछ । उक्त होटलका नाम औरोरा स्टेशन राखिनेछ । उक्त होटलमा १२ दिने यात्रामा पुगेका अन्तरिक्षमाका दुई चालक दलसँगै छ जना मानिस आरामसँग बस्न सक्नेछन् ।




यो होटल सन् २०२२ सम्ममा तयार हुनेछ । तर उक्त होटलमा पुगेर बस्ने काम सजिलो भने हुनेछैन । यसमा १२ दिनसम्म बस्नका लागि अन्तरीक्ष पर्यटकले ९५ लाख डलर तिर्नुपर्नेछ । कम्पनीका अनुसार अन्तरीक्षमा बनाइने होटल सबै मानिसका लागि सुलभ बनाउने लक्ष्य उसको छ । साथै होटल निकै आरामदायी हुनेछ । यो होटलले हरेक ९० मिनेटमा पृथ्वीको परिक्रमा गर्नेछ । यसको अर्थ यस होटलमा बस्ने पाहुनाहरुले हरेक २४ घण्टामा लगभग १६ पटक सूर्योदय तथा सूर्यास्त देख्नेछन् । होटलको लम्बाई ४३.५ फिट तथा चौडाई १४.१ फिट हुनेछ । होटलमा उच्चगतिको वायरलेस इन्टरनेट सुविधा हुनेछ । जसका माध्यमबाट लाइभ भिडियो च्याट गर्न सकिनेछ । होटलमा फाइभ स्टार होटल सरहको सुविधा हुनेछ ।

### डिभोर्स लिलामी ?

अष्ट्रेलियाको सिड्नीमा शनिवार ओस्कार विजेता अनिता रसेल क्रोभले लिलामी कार्यक्रमको आयोजना गरे । उक्त लिलामीको नाम राखिएको थियो - द आट अफ डिभोर्स ।

लिलामीका लागि जुन सामानहरुको सूची बनाइएको थियो, त्यसमा लामो फिल्मी करिअरका यादगर चिजहरु तथा निजी सामानहरु पनि थिए । मिडियामा यसलाई डिभोर्स लिलामीको नाम दिइएको छ । उक्त लिलामी अभिनेताको ५४ औं बर्थडे तथा गायिका डेनियल स्पेन्सरसँग सन् २००३ मा भएको उनको विवाहको एनिभर्सरीको अवसरमा आयोजना गरिएको थियो । अभिनेता रसेल र गायिका स्पेन्सरबीच डिभोर्स भैसकेको छ र गतवर्ष दुईबीच डिभोर्सको कानूनी प्रक्रिया पूरा भयो ।

### फोहोरविरुद्ध गोरिल्ला

मानिसको पुर्खा भनिने बाँदर प्रजातिको गोरिल्लालाई हातखुट्टा फोहोर हुँदा पनि कुनै परवाह हुँदैन होला भन्ने ठान्नुभएको छ भने गलत हुनुहुन्छ । किनकि अमेरिकाको फिलाडेल्फिया चिडियाखानामा रहेको एउटा भाले फोहोर हातको विरुद्धमा छ । ऊ आफ्ना हात फोहोर हुन्छन् भन्ने डरले मानिसझैं गरी दुई खुट्टाले उभिएर हिँड्छ ।

१८ वर्षको भाले गोरिल्ला लुईस निकै सुग्गरी छ । जब उसको हातमा गोलभेँडा तथा अन्य खानेकुराहरु हुन्छन् तब ऊ सीधैं मानिसजस्तै गरी दुई खुट्टाले टेकेर हिँड्छ । ता कि खानेकुरा भएको हातले टेक्दा हात र खाना फोहोर नहोस् । चिडियाखानाका सुसारे माइकल स्टर्नका लागि आफू बस्ने ठाउँ तथा परिसरमा फोहोर हुँदा यो भाले गोरिल्ला निकै घिनाउँछ र जिउमा फोहोर लाग्छ कि



भन्ने कुरामा निकै सचेत हुन्छ । उनका अनुसार गोरिल्ला दुई खुट्टाले टेकेर सीधा भएर हिड्ने कुरा निकै असामान्य हो ।

### १३ वर्षको उमेरमै पिता

कुनै पनि पुरुष १३ वर्षको उमेरमा पिता बन्न सम्भव होला ? आजकल त यस्ता घटना सुन्न पाइएको छैन । तर बेलायतमा चाहिँ कुनै समय एकजना किशोर १३ वर्षको उमेरमै बाबु बनेका थिए । सन् २००९ मा जब यो खबर आयो, तब सबै छक्क परे । कतिपयले त यो खबर पत्याउनै सकेनन् । तर यो वास्तविक घटना थियो । ती किशोरको नाम एल्फी हो । उनको बारेमा म्बत ब्त ज्ञघ शीर्षकको समाचार द सन पत्रिकाले छापेको थियो पहिलोपटक ।



उनको कहानी गज्जबको छ । जब उनी १२ वर्षका थिए, एकजना १५ वर्षीया किशोरीसँग उनको प्रेम बस्यो । उनीहरुबीच छिटै नै यौनसम्पर्क भयो र ती प्रेमिका गर्भवती भइन् । यसरी ती किशोर १३ वर्षको छँदा उनकी प्रेमिकाले बच्चा जन्माइन् ।

आफ्नी प्रेमिकाले जन्माएकी आफ्नी छोरी काखमा राखेर बसिरहेको एल्फीको तस्वीर साँच्चीकै भाइरल बन्यो । जहाँ एल्फीको अनुहारमा हर्ष न विस्मात्को भाव देखिन्छ । तर एल्फी चाहिँ पिता बन्दा आफूलाई शानदार अनुभव भएको बताएका थिए । तर विडम्बना उनी बाबु बनेको एक वर्षमै उनकी प्रेमिकाले उनलाई धोका दिइन् र छोरी सँगै लिएर गइन् । पछि ती भूपू प्रेमिकाले अरु कसैसँग बिहे गरिन् ।

१३ वर्षको उमेरमा बाबु बन्न लागेको थाहा पाउँदा अर्थात् प्रेमिका गर्भवती भएको थाहा पाएसँगै एल्फी निकै जिम्मेवार बनेका थिए । प्रेमिकाले एबोर्सन गराउने कुरा गर्दा उनले इन्कार गरेका थिए र बच्चाको जिम्मेवारी आफूले लिने भन्दै प्रेमिकाको पूरा ख्याल गरेका थिए । उनलाई त्यति सानो उमेरमा बाबु बन्दा दुनियाँले के भन्दा भन्ने कुराको परवाह थिएन । त्यति माया गर्ने प्रेमिका छोरीसँगै पोइल गएपछि एल्फी गहिरो पीडामा परे । त्यसपछि उनले मादक पदार्थ तथा लागू औषध सेवन गर्न थाले । उनको आनीबानी यति बिग्रियो कि उनी सानै उमेरमा जेल जानुपर्‍यो ।

### रोबोटमा कीर्तिमान

एउटा अनौठो खबर सार्वजनिक भएको छ । एउटा देशले रोबोटको फौज तयार गरिरहेको छ । हालै यस फौजका लागि १३ सय भन्दा धेरै रोबोट तयार गरिएको छ, जसबाट विश्व कीर्तिमान कायम भएको छ ।

घटना इटालीको हो । गिनिज रेकर्ड बनाउनका लागि सबैभन्दा ठूलो संख्यामा रोबोटले नाच प्रस्तुत गरेका छन् । मानव आकारका १३ सय ७२ वटा रोबोटहरु एकै धूनमा नाचे ।

सन् २०१६ देखि प्रविधि कम्पनीहरुले नाच्ने रोबोटहरुको फौज तयार गरिरहेका छन् । ता कि सबैभन्दा ठूलो नर्तक



रोबोट समूह तयार पार्न सकियोस् । गत अगष्टमा डोबी कम्पनीले चीनमा एकसाथ १०६९ रोबोट नचाएका थिए । यसपटक चीनकै युबिटेक कम्पनीले त्यो रेकर्ड तोड्यो । उसले आल्मुनियम तथा प्लास्टिकबाट बनेका ४० सेमी उचाईका १३ सय ७२ वटा अल्फा वान एस रोबोट नचाएको छ । त्यसअघि सोही कम्पनीले ब्रेक डान्स गर्ने रोबोट बनाएको थियो ।

### बिरालोको विशेष होटल

इराकको बसरामा बिरालोका लागि विशेष होटल खोलिएको छ । त्यो होटलमा बिरालोलाई दिइने सुख सुविधा देख्दा सायद जो कोहीलाई पनि इर्ष्या लाग्छ र सोही होटलमा गएर बसुँ बसुँ लाग्दछ । इराक लामो समयदेखि युद्धको विभिषिकामा छ । मानिसहरुको बेहाल छ । यस्तोमा जनावरको ख्याल कसले पो राख्ला र भन्नुहोला । तर यस्तोमा पनि केही मानिसलाई निकै चिन्ता छ, जनावरको । २२ वर्षका एक भेटनरी मेडिसिनका विद्यार्थीले आफ्नै घरमा एउटा विशेष होटल तयार गरेका छन्, बिरालोका लागि । यो होटलमा आफ्नो बिरालो राख्नका लागि एक रातको पाँच हजार इराकी दिनार अर्थात् झण्डै ४ हजार अमेरिकी डलर लाग्दछ । अहमद ताहेर मक्की नामका यी विद्यार्थीले तयार गरेको उक्त होटलमा बिरालोका लागि सबैखाले सुविधा उपलब्ध छन् । नरम बिछौना देखि बिरालोका लागि मनपर्ने खानेकुरा र डाक्टरी सुविधासम्म ।

*अनलाइन खबरबाट*

प्रेरक

## सजीव प्रस्तुति

लियो टल्स्टाय विश्वविख्यात साहित्यकार हुन् । उनले आफ्ना उपन्यासमा तत्कालीन रूसी समाजको सजिव चित्रण मात्र उतारेका छैनन्, मानवीय कुण्ठा, उद्वेग, संयोग, वियोग, खुसी, व्यथा, आक्रोश निराशा आदिको त शल्यक्रिया नै गरेका छन् ।

एकपटक उनी मस्कोको एउटा पुलमा मध्यरातमा भेटिए । त्यो पुललाई एक प्रहरीले पहरा दिइरहेको थियो । कारण थियो- थुप्रै युवायुवतीहरूले त्यही पुलबाट हाम्फालेर आत्महत्या गरेका थिए । त्यो एकान्त पुल सोसाइट प्वाइन्ट नै बनेको थियो । पुलमाथि आइपुगेका टाल्स्टायलाई ड्युटीमा रहेको प्रहरीले समात्यो र सोध्यो के छ विचार ?

टाल्स्टायले भने- अरे तिमीले थाहा पाएनौ भर्खरै यो पुलबाट हाम्फालेर युवती गोल्यवानाले आत्महत्या गरी । मैले नै उसलाई यो पुलबाट खसालिदिएँ । ऊ मसँगसँगै आएकी थिई । टाल्स्टायको बयानले त्यो पुलिस डरायो । यो पुलको तल युवतीको लास छ, यदि यो मान्छे भाग्यो भने आफू ज्यानकेसमा परिन्छ, यस्तै सोच्दै उसले टाल्स्टायलाई झन् जोडले अँठ्यायो र राति नै पुलिस स्टेसन पु¥यायो ।

पुलिस स्टेसनका प्रमुखले सोधे- तिमी को हौ ? किन तिमीले ती युवतीको हत्या ग¥यौ ? टाल्स्टायले आफ्नो परिचय दिंदै भने- म एउटा वियोगान्त उपन्यास लेखिरहेको छु । गोल्यवाना उपन्यासकी मुख्य पात्र हो । ऊ जीवनबाट यति थकित हुन्छे कि ऊ आत्महत्याको बाटो रोज्छे । अनि सुनसान रातमा त्यही पुलबाट खसालेर आत्महत्या गराउँछु म उसलाई ।

थुप्रै मानिसले आत्महत्या गरिसकेको त्यही पुललाई आत्महत्याका लागि रोज्छे गोल्यवानाले । म मनभित्र गोल्यवानाबारे कुरा खेलाउँदै त्यो पुलमा पुगेको थिएँ । अनि उभिएर उसले पुलबाट हामफालेको र उसको निर्जिव लास देखिरहेको थिएँ ।

टाल्स्टायको दुवै आँखा रसाए । पुलिस स्टेसनका प्रमुखले उनलाई पक्राउ गरिएकोमा क्षमा मागे । पुलको आवश्यक जाँच पडताल गरी साँच्चीकै आत्महत्या गरेको पुष्टि गर्नु थियो टाल्स्टायलाई ।

## साप्ताहिक राशिफल

ज्यो. लक्ष्मीप्रसाद बराल

### मेष

विवादास्पद जिम्मेवारी वहन गर्नुपरे पनि मिहिनेतले लक्ष्यमा पुर्याउनेछ । छोटो समयमा पुरुषार्थी काम सम्पादन हुनेछ । दाम र प्रतिष्ठा कमाउने बेला छ । पदीय जिम्मेवारी प्राप्त हुने सम्भावना छ । समुदायको हितमा लोकप्रिय काम गर्न सकिनेछ । नोकरी र व्यवसायमा लाग्नेहरूलाई विशेष फाइदा हुने समय छ । स्वार्थका लागि साइनो गाँस्नेहरूबाट भने अलि सजग रहनुपर्ला ।

### बृष

परिस्थितिवश चिताएको काम रोकिन सक्छ । हल्लाको पछि लाग्दा आफ्ना कामबाट अरूले फाइदा उठाउन सक्छन् । अस्वस्थताले काममा जुट्न नसकिएला । कमजोरीले चिन्ता बढाउनेछ भने परिस्थितिवश चिताएको काम रोकिन सक्छ । अरूका लागि बुद्धि खर्चनुपर्ला । बिग्रिएको काममा दोहोर्याएर प्रयत्न गर्नुहोला । शुभचिन्तकहरूको साथ जुट्नाले पछि फाइदा हुने काम प्रारम्भ हुनेछ ।

### मिथुन

व्यस्तता बढ्नेछ भने शरीरमा कमजोरी अनुभूति हुनेछ । गोप्य सूचना बाहिरिनाले काम दोहोर्याउनुपर्ने स्थिति आउन सक्छ । स्वास्थ्यका लागि आहारविहारमा ध्यान पुर्याउनुहोला । समस्या पर्दा शुभचिन्तकहरूले साथ दिनेछन् । चिताएको काम तत्काल सम्पादन नभए पनि पछिका लागि सकारात्मक संकेत प्राप्त हुनेछ । बुद्धिको उपयोगले प्रतिष्ठा जोगाउन सफल भइनेछ ।

### कर्कट

पहिलेको सफलताले हौसला जगाउनेछ । नयाँ कामको प्रस्ताव आउनेछ भने साथ दिनेहरू बढ्नेछन् । काम बन्नुका साथै धनलाभ हुनेछ । बिछोडिएका आफन्तसँग रमाइलो भेटघाट हुनेछ । विगतका कमजोरीलाई सुधार गर्ने मौका छ । लगनशीलताले लक्ष्यमा पुर्याउनेछ । विशेष उपहार प्राप्त हुन सक्छ । मित्रता र प्रेमको बन्धन कसिनेछ भने अतिथिको रूपमा सत्कार प्राप्त हुने समय छ ।

### सिंह

स्वास्थ्य सबल बन्नुका साथै काममा उत्साह जाग्नेछ । चुनौती पन्छाएर पनि काम बनाउन सकिनेछ । शत्रुहरू किनारा लाग्नेछन् भने प्रतिस्पर्धामा विजयी भइनेछ । ईर्ष्या गर्नेहरूले हार खानेछन् । व्यापारलगायत अर्थ लाभ हुने योजना प्रारम्भ गर्ने समय छ । यात्राको प्रक्रियामा बढी खर्च हुन सक्छ । आफ्नो उपलब्धिमा अरूले दाबी गर्ने सम्भावना रहेकाले गोपनीयतामा ध्यान पुर्याउनुहोला ।

### कन्या

परिस्थितिअनुसार चल्न नसक्ता दुःख पाइनेछ । समयतालिका नमिल्दा आफ्ना कामबाट अरूले फाइदा उठाउन सक्छन् । खानपानको अवसर प्राप्त भए पनि स्वास्थ्य(चिन्ताले सताउनेछ । परिस्थितिवश चिताएको काम रोकिन सक्छ । कामको मेसो नमिल्दा योजना अधुरै रहनेछ । हल्लाको पछि लाग्दा व्यर्थैमा दुस्ख पाइनेछ । अध्ययनमा पनि त्यति समय दिन नसकिएला ।

### तुला

हतारको निर्णयले काम बिग्रनेछ । महत्वाकांक्षी योजना कार्यान्वयनमा आफ्नैले बाधा पुर्याउलान् । बेसुरमा दिइएको वचनले अप्ठ्यारो पार्ने हुँदा सजग रहनुपर्नेछ । पहिलेका कमजोरी भने सुधार गर्ने अवसर प्राप्त हुनेछ । भूमि तथा पशुधनबाट लाभ मिल्नेछ । मान्यजन तथा आमाको सहयोगले फाइदा उठाउन सफल भइनेछ । आस मारेको नतिजाले सकारात्मक मोड लिन सक्छ ।

### वृश्चिक

बलजफ्ती गर्ने बानीले समस्या निम्त्याउन सक्छ । परिस्थितिले साथ दिए पनि ईर्ष्या गर्नेहरूले सताउलान् । मान्यजन तथा अग्रजहरूसँग असमझदारी बढ्न सक्छ । तापनि छोटो समयमा राम्रै उपलब्धि हातलागी हुनेछ । स्रोत(साधन जुट्नाले गरिएका कर्मको उचित प्रतिफल प्राप्त हुनेछ । मिहिनेतले दैनिकीमा परिवर्तन ल्याउन सकिनेछ । उद्योग र व्यापारमा विशेष फाइदा हुनेछ ।

### धनु

अवसर आए पनि आत्मविश्वासको कमीले पछि परिनेछ । शुभचिन्तकहरूको भावनालाई बेवास्ता गर्दा दुस्ख पाइनेछ । हडबडीले काम बिग्रनेछ भने सानो गल्तीले मौका गुम्न सक्छ । बोलीको गलत अर्थ लाग्नाले वादविवादमा परिने सम्भावना छ । अध्ययनमा त्यति समय दिन नसकिएला । अप्ठ्यारा परिस्थितिसँग सम्झौता गर्नुपरे पनि बुद्धि लगाउँदा लक्ष्य पहिल्याउन सकिनेछ ।

### मकर

नयाँ कामको प्रस्ताव आउनेछ भने साथ दिनेहरू बढ्नेछन् । प्रतिष्ठित काम गर्दै नाम र दाम कमाउने बेला छ । रचनात्मक काम प्रारम्भ गर्ने समय छ । सहयोगीहरूले राम्रो साथ दिनेछन् भने पहिलेको सफलताले पनि थप काम गर्न हौसला प्रदान गर्नेछ । बिछोडिएका परिवारजनसँग भेटघाट हुनेछ । रमाइलो जमघटका बीच स्वादिष्ट भोजनको समेत आनन्द प्राप्त हुनेछ ।

### कुम्भ

आकस्मिक खर्च बढ्नाले अर्थ अभाव देखापर्न सक्छ । धेरै मिहिनेत परे पनि थोरैमात्र फल प्राप्त हुनेछ । फाइदा नगण्य उठे पनि स्वाभिमान जोगाउन सफल भइनेछ । केही रकम हातलागी भए पनि ऋणभार बढ्ने देखिन्छ । सद्विचारले अभिप्रेरित हुनेहरूलाई बिस्तारै लाभ हुनेछ । लगनशीलताले परिस्थितिलाई बदल्न सक्छ । फाइदाका पछि लाग्दा आफन्त टाढिन सक्छन् ।

### मीन

कृषि, पशुपालन तथा व्यापारमा सामान्य लाभ हुनेछ । आयस्रोत राम्रो देखिए पनि तत्कालै फाइदा नहुन सक्छ । आम्दानीका नयाँ स्रोत फेला पर्नेछन् । विभिन्न भौतिक साधन जुट्नेछन् भने पछि फाइदा हुने काम प्रारम्भ गर्ने समय छ । थोरैमात्र फल प्राप्त भए पनि अप्ठ्यारा परिस्थितिलाई सहज बनाउन सकिनेछ । दिगो योजनामा अघि बढ्दा बिस्तारै लाभ मिल्नेछ ।

## जापानमा "शत्रु गते" को रेकर्ड

चलचित्र 'शत्रु गते' ले जापानको पहिलो शो हाउसफुलको साथ बम्पर ओपनिङ गरेको छ । एवान इन्टरटेन्मेन्टको व्यवस्थापनमा आइतबार टोकियोको नाकानो जिरो हलमा सम्पन्न चलचित्रको रेड कार्पेट प्रिमियर शोमा दर्शकहरुको उत्साहजनक उपस्थिती रह्यो । बालबच्चादेखि बुढापाकासम्मका दर्शकहरुले भरिभराउ हल समय बित्दै जाँदा झनझन् साँघुरो बन्दै गयो । चलचित्र हेर्न आएका दर्शकहरु हलको क्षमताभन्दा धेरै भएपछि कोही फर्किन बाध्य भए त कोही भुईंमै बसेर पनि चलचित्र हेर्न हौसिए । चलचित्र हेरिसकेपछि दर्शकहरुले चलचित्र राम्रो बनेको प्रतिक्रिया दिएका थिए । दर्शकहरुले दिपकराज गिरी र हरिवंश आचार्यको अभिनयलाई रुचाए । प्रदीप भट्टराईको निर्देशन रहेको चलचित्रमा पल शाह, आँचल शर्मा, मदनकृष्ण श्रेष्ठ, हरिवंश आचार्य, बसुन्धरा भुषाल, राजाराम पौडेल, दीपकराज गिरी, दिपाश्री निरौला, शिवहरी पौड्याल, किरण केसी, प्रियंका कार्कीको मुख्य अभिनय रहेको छ । चलचित्र टोकियोपछि नागोया, फुकुओका, सिजुओका, गुन्मा, तोचिगी, ओकिनावालगायत सहरहरुमा पनि प्रदर्शन गरिने आयोजकले बताएको छ ।

## "प्रसाद" बन्ने घोषणा

चलचित्र 'प्रसाद'को घोषणा भएको छ । निःसन्तानका कारण श्रीमान् र श्रीमतिबीच आउने असमझदारी, अविश्वास तथा आफैंमा उत्पन्न हुने मानसिक द्वन्द्वसँगै सामाजिक, मूल्य, मान्यताविरुद्धको कथामा यो चलचित्र बन्नेछ । दिनेश राउतले निर्देशन गर्न लागेको यो चलचित्रमा विपिन कार्की, नम्रता श्रेष्ठ, नविन मानन्धर मुख्य भूमिकामा रहनेछन् । निर्देशक राउतले पत्रकार सम्मेलनमा भने(' नम्रता एउटा राम्रो अभिनय गर्ने कलाकार भएका कारणले पनि मैले उनलाई चौथो चलचित्रमा लिएको हुँ । हामीविच, अरु कुनै त्यस्तो सम्बन्ध छैन ।' उनले, चलचित्रले दर्शकलाई रुवाउने वा हसाउने काम त नगर्ला तर हेरिसकेपछि एकपटक सोच्न बाध्य भने गराउने बताए । चलचित्रमा सुभाष थापा निर्माताको रुपमा रहेका छन् भने संचारकर्मी सुशिल पौडेलले यो चलचित्रको कथा लेखेका हुन् । चलचित्रलाई वैशाखको अन्तिमबाट छायांकन गर्ने योजना यसको निर्माणपक्षको छ ।

## २०७४ का चर्चित स्क्यान्डल

हाम्रो चलचित्र उद्योग सानो भए पनि स्क्यान्डलको धनी छ । नाम होस, बदनाम होस गुमनाम नहोस भन्ने प्रवृत्तिका कलाकारहरु धेरै छन् यहाँ । वर्ष २०७४ को कुरा गर्दा पनि स्क्यान्डलहरुको कुनै कमि रहेन । यस्ता स्क्यान्डलबाट कतिले फाइदा लिए भने कतिलाई नोक्सानी भयो । कस्ता रहे त सर्वाधिक चर्चित स्क्यान्डलहरु :

**चार लाइन गीतको मूल्य ११ लाख**

यो वर्ष सबैभन्दा चर्को रुपमा लिएको स्क्यान्डल हो, फिल्म 'कृ' मा गीत चोरीसम्बन्धी । यसको भर्खरै मात्र पटाक्षेप भएको छ । सगीतकार अल्मोडाले चार लाइन गीत चोर्दा फिल्मका निर्माता सुवास गिरी एक राज जेल मात्र बसेनन, ११ लाख क्षतिपूर्ति तिर्न पनि बाध्य भए । यो घटना एउटा दृष्टान्तको रुपमा रहने छ ।

**ऋचा शर्मा भर्सेस छक्का पञ्जा**

नेपाली चलचित्रकी प्रतिभावान अभिनेत्री ऋचा शर्मा एउटा मन्तव्यमा बहस छेडिन् । त्यस क्रममा उनले छक्का पञ्जा फिल्ममा महिला हिंसालाई बढावा दिइएको प्रसंग उप्काएकी थिइन् । तर उनलाई अरिंगलको गोलोमा हात हालेझैं भयो ।

**छक्का पञ्जामा गीत चोरी**

'कृ' भन्दा अगाडि गीत चोरीको अर्को प्रकरणले पनि उग्र रुप लिएको थियो । यो थियो फिल्म 'छक्का पञ्जा २' को गत नाइलनको साडीमा । यो गीत चोरीमा पनि उनै अल्मोडा राना उप्रेति संलग्न थिए । नाइलनको साडीमा बोलको गीत कान्छा मगर नेपालीको संकलन हो । त्यसमा केही परिमार्जन र थपथाप पार्दै फिल्मका निर्मातासमेत रहेका दीपकराज गिरीले अल्मोडासँग मिनलेर नयाँ गीत रेकर्ड गराए । यो गीत यूट्यूवमा आउनासाथ हिट भयो र विवाद पनि सुरु भयो ।

**प्रियंका कार्की र आयूष्मानको खुल्ला चुम्बन**

प्रियंका कार्की र आयूष्मान देशराजबीचको प्रेम यो वर्षभरी मिडियामा गसिपको विषय बनिरह्यो । विषय नभएको बेलामा उनीहरुले नै विषय दिए । डिभोर्सी नायिका हुन् प्रियंका । उनको रोचक मैनालीसँग उनको वैवाहिक सम्वन्ध छोटो समयमा टुटेको थियो । त्यसपछि उनीलामो समय सिंगल रहिन् । र, हालै उनी आफूभन्दा निकै कान्छा आयूष्मानसँग प्रेममा परेकी छिन् । यो जोडीको प्रेम सडकमै छताछुल्ल देख्न थालिएको छ ।

**पत्रकार सम्मेलनमा अंगरक्षकका साथ प्रदिप**

नेपालमा पहिलोपटक बडिगार्ड सहित देखिएका नायक अनमोल केसी हुन् । उनी ड्रिम्स फिल्म रिलिज हुँदा केही बडिगार्ड लिएर हलहरुमा पुगेका थिए । एउटा सुपरस्टार भएको नाताले हलहरुमा दर्शकको भिडभाडबाट जोगिनका लागि बडिगार्ड लैजानुलाई अस्वभाविक रुपमा लिइएन् । तर, यसैको सिको गर्न खोज्दा चिप्लिन पुगे नायक प्रदिप खड्का । नेपाली फिल्म इन्डष्ट्रीमा अनमोलको हाराहारीमा नभए पनि उनको स्टारडम राम्रै छन् । उनले थोरै फिल्मबाट धेरै फ्यान कमाएका छन् । तर, गलत ठाउँमा आफ्नो स्टारडम देखाउन खोज्दा उनी ट्रोलको शिकार भए ।

**विकिनी गर्लसाग विनयको इन्ट्री**

चलचित्रको प्रबर्द्धनका लागि निर्माता निर्देशकहरु नयाँ नयाँ जुक्ति लगाउन खोज्छन् । फरक फरक प्रयोग गर्न खोज्छन् । तर, यसो गर्दा कहिलेकाहीँ बुर्मयाङ पनि खान पुग्छन् । 'रोमियो एन्ड मुना' फिल्मका निर्माता तथा अभिनेता विनय श्रेष्ठको यही हाल भयो । बढि सिर्जनशिल हुन खोज्दा उनी जोकको पात्र बने ।

**साम्राज्ञीको वक्षस्थलमा ट्याटु**

अहिलेका युवायुवतीहरुको ट्याटु खोपाउने व्यापक ट्रेन्ड छ । त्यसैले नायिका साम्राज्ञी राज्यलक्ष्मी शाहले ट्याटु खोपाउनु नौलो कुरा थिएन । उनले आफ्नो गोप्य अंग वक्षस्थलमा ट्याटु खोप्न चाहिन् । त्यो पनि उनको निजी कुरा भयो ।

*(एजेन्सीहरुबाट)*

## अंग्रेजी शब्दावलीको ज्ञान बढाऔं

Meticulous = अति होसियार, धेरै होस पु¥याउने प्रवृत्ति He is very good editor and meticulous especially in proof reading (ऊ ज्यादै राम्रो सम्पादक हो र शुद्धाशुद्धीको कुरामा त झनै होस पु¥याउँछ)

Nihilist = रुढीमा पटक्कै विश्वास नगर्ने, क्रान्तिकारी, आतंककारी Hitler has been considered to be a power mad nihilist ( हिटलर शक्ति भनेपछि हुरुक्कै हुने र जुनसुकै काम गर्न पछि नपर्ने खालका क्रान्तिकारी आतंकवादी थिए)

Oracular = भविष्यवाणी गर्न सक्ने, रहस्यपूर्ण र दोहोरो अर्थ लाग्ने Mostly the prediction made by the horoscopes are of oracular nature (ज्योतिषहरूले गरेका भविष्यवाणीहरू विशेषत दोहरो अर्थ लाग्ने खालका हुन्छन्)

Perfidious = धोकेवाज He is a perfidious friend because he betrayed me (ऊ धोकेवाज मित्र हो किनकि उसले मलाई धोका दियो)

Quixotic = आर्दशवादी तर अब्यावहारिक To be a successful leader one should not be a quixotic rather practical (सफल नेता बन्नका लागि आदर्शवादी तर अब्यावहारिक भएर हुँदैन ब्यावहारिक पनि हुनुपर्दछ)

Refulgent = उज्यालो चम्किलो She is a very beautiful women, many people says that she has a very refulgent face likt that of a full moon. (तिनी ज्यादै राम्री महिला हुन् । उनको अनुहार पूर्ण चन्द्रझैं चम्किलो छ भनेर सबैले भन्छन्)

Scintilla = न्यूनतम, अलिकति In your argument there is no scintilla of logic (तिम्रो तर्कमा अलिकति पनि सार छैन)

Traduce = अरूको इज्जतमा हिलो छयाप्ने, चरित्र हत्या गर्ने Only by traducing others' reputation, one can not be successful in politics (खाली अरूकै चरित्र हत्या गरेको भरमा मात्र राजनीतिमा सफल हुन सकिन्न)

Usury = कानुनले तोकेको भन्दा बढी ब्याजमा ऋण दिने प्रवृत्ति As he was found guilty of usury, he was sentenced three months' imprisonment (बढी ब्याज लिएकोमा दोषी प्रमाणित भएको हुँदा उसलाई तीन महिनाको कैद सजाय भयो)

Valedictory = विदाइका अवसरमा दिने His valedictory speech was so sentimental that very few could stand it (उसको विदाइको बक्तब्य यति भावपूर्ण थियो कि धरै थोरैले मात्र आफूलाई सम्हाल्न सके)

## सामान्य ज्ञान (प्रश्नोत्तर)

**सन् १९७४ लाई जनसंख्या वर्षको रुपमा कसले मनाएको थियो ?**
- युएनओ

**हनुमानढोकाको सुनको ढोका कहिले र कसका पालामा निर्माण भएको हो ?**
- वि.सं. १८६७ गिर्वाणयुद्धविक्रम शाह

**त्रिशूली नदीको उद्गमस्थल कहाा छ ?**
- गोसाइाकुण्ड

**कर्णाली अञ्चलको क्षेत्रफल कति वर्ग किलोमिटर छ ?**
- २१३५१ वर्गकिमि

**कुन वर्षमा ६२ वटा विमान अपहरण गरिएका थिए ?**
- सन् १९७२

**शान्तिश्री भन्नाले नेपालको कुन राजालाई बुझिन्छ ?**
- राजा प्रचण्डदेव

**बेलायतको इतिहासमा 'कालो वर्ष' भनेर कुन वर्षलाई भनिन्छ ?**
- सन् १९७५

**इन्द्र सरोवर कुन जिल्लामा पर्छ ?**
- मकवानपुर

**लोकसेवा आयोगका दोस्रो दोस्रो अध्यक्ष को हुन् ?**
- केशरबहादुर केसी

**जुडो खेलको जन्मदाता को हुन् र कुन देशका हुन् ?**
- जिगोरी थानो, जापान

**नेपालबाट पहिलो पटक ओलम्पिक खेल प्रतियोगितामा सामेल हुने म्याराथन धावक को को हुन् ?**
- भूपेन्द्र र गंगाबहादुर

**राजतन्त्रात्मक देशमा सबैभन्दा ठूलो संविधान हुने देश कुन हो ?**
- नेदरल्यान्ड

**विश्व प्रसिद्ध संगीतकार मोजार्ट कुन देशका थिए ?**
- अष्ट्रिया

**अमेरिका पत्ता लगाउने क्रममा कोलम्बसलाई सहायता गर्ने व्यक्ति को हुन् ?**
- रानी इसाबेला पेरो

## Come बाट के के कुरा भन्न सकिन्छ थाहा पाइ राख्नुहोस

**Come** बाट के के कुरा भन्न सकिन्छ थाहपाई राख्नुहोस

Come about = थाहा पाउनु How did you come about the incident ? घटना कसरी घट्यो भन्ने तिमीले कसरी थाहा पायौ ?

Come across = बुझ्नु । सामना गर्नु She came across well the interview तिनले अन्तर्वार्ता राम्रै सामना गरिन् ।

Come after = लखेट्नु The shopkeeper came after the thief with a stick पसलेले चोरलाई लौरो देखाउँदै लखेट्यो ।

Come along = आइपुग्नु When right opportunity comes along, he will take it ठीक मौका आउने बित्तिकै फाइदा उठाइ हाल्छ ऊ ।

Come apart = चकनाचुर हुनु The teapot just came apart in my hand चियाको भाँडो मेरो हातमा नै चकनाचुर भयो ।

Come at = जाइ । आइ लाग्नु He came suddenly at me with a knife ऊ एक्कासी चक्कु लिएर ममाथि आइलाग्यो ।

Come away = उप्कनु The plaster came away already within six months छ महिनाभित्रै प्लास्टर उप्कियो ।

Come back = फर्कनु When he comes back I will let you know उ फर्कने बित्तिकै म तिमीलाई थाहा दिन्छु ।

Come before = अगाडि । सामु आउनु The case comes before the court next week मुद्दा अर्को हप्तामै अदालतसामु आउने छ ।

Come between = बीचमा आउनु । हस्तक्षेप गर्नु It is not good to come between a man and his wife कुनै लोग्ने स्वास्नीबीचको कुरामा हस्तक्षेप गर्नु राम्रो होइन ।

## सुडोकु-अंक ९७

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | ४ | | | ८ | २ | | |
| ५ | | ८ | | ३ | | ९ | १ | |
| | | | | ४ | ७ | | | |
| | | | | | | | ४ | |
| ७ | १ | | | | | | ६ | ५ |
| | ३ | | | | | | | |
| | | | ८ | ९ | | | | |
| | ६ | ५ | | २ | | ७ | | ९ |
| | | १ | ५ | | | ४ | | |

## अंक ९६ को नतिजा

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ६ | ९ | ७ | ४ | ५ | ३ | ८ | १ | २ |
| ३ | २ | ५ | १ | ९ | ८ | ४ | ६ | ७ |
| १ | ८ | ४ | ६ | २ | ७ | ९ | ५ | ३ |
| ४ | ६ | ९ | ५ | ८ | २ | ३ | ७ | १ |
| ८ | ३ | १ | ९ | ७ | ६ | ५ | २ | ४ |
| ७ | ५ | २ | ३ | ४ | १ | ६ | ८ | ९ |
| ५ | ४ | ८ | २ | १ | ९ | ७ | ३ | ६ |
| ९ | १ | ६ | ७ | ३ | ५ | २ | ४ | ८ |
| २ | ७ | ३ | ८ | ६ | ४ | १ | ९ | ५ |

# किशोरकिशोरीहरुका लागि कार्यक्रमहरु













## बालबालिकाहरूलाई पोषणयुक्त खाजा

बाल विकास समाजले आफ्नो स्थापना कालदेखि नै श्रमिक, सुविधाविहीन तथा जोखिममा रहेका नेपाली बालबालिकाहरूको क्षेत्रमा काम गर्दै आइरहेको छ । न्यून आर्थिक स्थिती भएका, पिछडिएका समुदाय, दैनिक ज्यालादारीमा काम गर्ने, विपन्न वर्गका, श्रमक्षेत्रमा काम गर्ने अभिभावकका बालबालिकाको बालअधिकार र बाल विकासको प्रत्याभूति दिलाउने, बालश्रम न्युनिकरण गर्ने, उचित लालन–पालन तथा स्याहार सुसार बारे बाबुआमालाई व्यवहारिक ज्ञान दिनुका साथै श्रमिक आमा बाबुहरूलाई बच्चा बोकेर काम गर्नु पर्ने बाध्यता तथा दाइ दिदीले भाइ बहिनी हेरेर बस्दा विद्यालय जान नपाउने अवस्था हटाउन सहयोग पुऱ्याउने अवधारणा अनुसार यस समाजले दिवाशिशु स्याहार कार्यक्रम गर्दै आइरहेको छ । बालबालिकाहरूको शिक्षा, स्वास्थ्य र जनचेतनामूलक क्षेत्रमा संस्थाले प्रत्यक्ष रूपमा सहयोग पुऱ्याउने उद्देश्यले संचालन गर्दै आइरहेको यस कार्यक्रम हाल धादिङ र काठमाण्डौमा गरी २ वटा जिल्लामा संचालित छन् । साथै उक्त केन्द्रमा आउने बालबालिकाको लागि संस्थाले खाजाको पनि व्यबस्था गरिएको छ। बालबालिकालाई खाजा तालिका अनुसार दैनिक फरक फरक खाजा खुवाउने गरिन्छ । बालबालिकालाई खाजा खुवाउन दातृ संस्था वा अरु कसैको पनि भर पर्न नपरोस् वा दातृ संस्थाले सहयोग नगरेको अवस्थामा पनि केन्द्रमा आउने बालबालिकाले खाजा खानबाट बञ्चित हुन नपरोस् भन्ने उदेश्यले यस खाजा कार्यक्रमलाई“बालबालिकासंग खाजा खाऔं कम्तिमा एक दिन सामाजिक उत्तरदायित्व वहन गरौं” भन्ने नाराका साथ अभियानको रुपमा संचालन गरिएको छ। हाल यस अभियानमा बाल विकास समाजका कार्य समितीका सदस्यहरु, बाल विकास समाजका कर्मचारीहरु, अन्य संघ संस्था तथा समाज सेवीहरुको सहभागीता रहेको छ। विषेशगरी आफना आफन्त, आमा, बुवाहरुको तिथी श्राद, कुनै अवसर खुसियाली, जन्मदिनको अवसर पारेर केन्द्रमा रहेका बालबालिकालाई खाजा खुवाउने चलन रहेको छ। यसै क्रममा भदौ १९ गते सोमबारका दिन बाल विकास समाजको भवनमा संचालन भईरहेको दिवा शिशु स्याहार केन्द्रका बालबालिकाहरुलाई संस्थाका कर्मचारी गोविन्द वि क ले आफ्नो छोरा हेनसल वि क को जन्म दिनको अवसर पारेर केन्द्रमा रहेका बालबालिका तथा सबै कर्मचारीहरुलाई एक दिनको खाना खाने व्यवस्था गर्नु भएको थियो । सोही खाना उहाँले विगतमा पनि खुवाउनु भएको र त्यसैको निरन्तरता स्वरुप उक्त खानाको आयोजना गरिएको थियो । यस खाजा खुवाउने कार्यक्रम आयोजना गर्नका लागि संस्थाले अवसर जुराइदिएकोमा संस्थालाई धेरै धन्यवाद छ भन्ने कुरा राख्नु भएको थियो । आगामी दिनमा पनि यस प्रकारको सहयोग गर्नका लागि कोसिस गर्ने कुरा समेत उहाँले बताउनु भएको थियो ।

## नवौं चरणको जीवनोपयोगी सीप तालिममा किशोरकिशोरीहरू

बाल विकास समाजले विद्यालय युवा सशक्तिकरण कार्यक्रम अन्तर्गत सामुदायिक विद्यालयमा अध्ययन गर्ने किशोरावस्थाका विद्यार्थीहरुका लागि क्षमता अभिवृद्धि तालिम सञ्चालन गरी उनीहरुलाई जोखिम पूर्ण व्यावहारबाट संरक्षण हुन सहयोग पुऱ्याउँदै आइरहेको छ । बाल अधिकार, बाल दुर्व्यवहार, बाल यौन दुर्व्यवहार, एच. आइ. भी. एड्स बाल हिँसा तथा महिला हिँसा, गलत साथीबाट जोगिने उपाय, कुलतबाट बच्ने उपाय, जीवन उपयोगी सीप लगायतका विषयमा हरेक महिनाको प्रत्येक शनिबार यस संस्थाको केन्द्रीय कार्यालय कपनमा तालिम सञ्चालन संस्थाको आयोजनामा भइरहेको छ । तालिममा ११ देखि १९ वर्षसम्मका विद्यार्थीहरु सहभागी हुने गर्दछन् । यसैगरी ग्राम शिक्षा मन्दिर उच्च माद्यामिक विद्यालयका २४ जना ११ वर्षदेखि १९ वर्षसम्मका किशोरकिशोरीहरुका लागि क्षमता अभिवृद्धि तालिम सम्पन्न भएको हो । उक्त तालिम सञ्चालनका लागि लाग्ने खर्चको ५० प्रतिशत लागत रकम सुरेन्द्र ढकाल प्रतिष्ठानले सहयोग गरेको हो । सुरेन्द्र ढकाल प्रतिष्ठानको आर्थिक सहयोग तथा बाल विकास समाजको आयोजनामा जीवनोपयोगी सीप तालिम सञ्चालन गरिएको हो ।

तालिममा तालिममा विद्यार्थीहरुले सक्रिय रुपमा सहभागिता जनाएका थिए । यस किसिमको तालिमबाट धेरै कुराको ज्ञान हासिल गर्ने मौका पाइने हुनाले यस तालिममा नियमित रुपमा सहभागी हुने कुरा विद्यार्थीहरुले बताएका थिए । तालिमबाट विभिन्न अप्ठयारो परिस्थतिबाट जोगिने उपाय सिक्दै बाल दुर्व्यवहारको विरुद्धमा उजुरी गर्ने तरिकाको समेत ज्ञान हासिल हुने हुनाले हामी किशोरावस्थाका विद्यार्थीहरुका लागि एकदमै उपयोगी हुने कुरा सहभागीहरुले बताएका थिए । दौतरीको माध्यमबाट बालबालिकाहरुलाई चेतनशिल बनाउने राम्रो कार्यको रुपमा यस तालिमलाई हेरिएको छ। यो क्षमता अभिवृद्धि तालिम प्रभावकारी रुपमा सञ्चालन भएको अवस्थामा पक्कै पनि सामुदायिक विद्यालयका बालबालिकाहरुलाई विभिन्न समस्याबाट जोगिनका निम्ति सहज हुने देखिन्छ ।

बाल विकास समाजको आन्तरिक स्रोतबाट सञ्चालित यो कार्यक्रमलाई यो वर्ष सुरेन्द्र ढकाल प्रतिष्ठानले सहयोग गरेको हो । संस्थाका तालिम अधिकृतको सहजीकरणमा सञ्चालित तालिम अहिले सातौ हप्ता सम्पन्न भएको छ। तालिममा सहभागीहलाई जीवनउपयोगी सीपको सम्झौता गर्ने सीपका बारेम छलफल गराइएको थियो । समस्या समाधान गर्ने सीपले किशोरकिशोरीहरुहरुको जीवनमा कती महत्व राख्छ र उक्त सीपले उनीहरुको दैनिकीमा कस्तो किसिमको प्रभाव देखिन्छ भन्ने सवालमा व्यापक रुपमा छलफल गराइएको थियो ।

## संस्थाद्धारा सञ्चालित कार्यक्रमहरूको बारेमा समिक्षात्मक बैठक सम्पन्न

बाल विकास समाजले हरेक तीन तीन महिनामा सबै कार्यक्रमहरुको उपलब्धीका बारेमा समिक्षात्मक बैठक गर्ने गर्दछ । यस बैठकमा संस्थाका कार्यसमिति पदाधिकारी तथा सबै कर्मचारीहरुको सहभागिता रहन्छ। यसै गरी संस्थाको त्रैमासिक बैठक समिक्षात्मक बैठक भर्खरै सम्पन्न भएको छ। बैठकमा सबै कार्यक्रमहरुको उपलब्धीको बारेमा छलफल भएको थियो । संस्थाले समुदाय वा बालबालिकाहरुको हितको लागि चलाएको परियोजनाबाट के कस्तो उपलब्धीहरु हासिल भए भन्ने कुराको बारेमा विश्लेषण गरिएको थियो। सोही अनुसार सबै परियोजनाका कर्मचारीहरुले आ अफ्नो उपलब्धी प्रस्तुत गरेका थिए। समग्रमा परियोजनाले बालबालिका तथा समुदायका व्यक्तिहरुलाई केही हदसम्म सहज बनाएको कुराको निष्कर्ष निकालिएको थियो ।

## अभिभावकसँग अन्तरक्रिया कार्यक्रम

बाल विकास समाजले विगत २७ वर्षदेखि श्रमिक, सुविधाविहीन तथा जोखिममा रहेका बालबालिकाहरूको क्षेत्रमा काम गर्दै आइरहेको छ । न्यून आर्थिक स्थिती भएका, पिछडिएका समुदाय, दैनिक ज्यालादारीमा काम गर्ने, विपन्न वर्गका, श्रमक्षेत्रमा काम गर्ने अभिभावकका बालबालिकाको बालअधिकार र बाल विकासको प्रत्याभूति दिलाउने, बालश्रम न्युनिकरण गर्ने, उचित लालन–पालन तथा स्याहार सुसार बारे बाबुआमालाई व्यवहारिक ज्ञान दिनुका साथै श्रमिक आमा बाबुहरूलाई बच्चा बोकेर काम गर्नु पर्ने बाध्यता तथा दाइ दिदीले भाइ बहिनी हेरेर बस्दा विद्यालय जान नपाउने अवस्था हटाउन सहयोग पुऱ्याउने अवधारणा अनुसार यस समाजले बाल दिवाशिशु स्याहार कार्यक्रम गर्दैआइरहेको छ ।बालबालिकाहरूको शिक्षा, स्वास्थ्य र जनचेतनामूलक क्षेत्रमा संस्थाले स्थापना काल देखि नै प्रत्यक्ष रूपमा सहयोग पुऱ्याउने उद्देश्यले संचालन गर्दै आइरहेको यस कार्यक्रमअर्न्तगत २ बर्ष देखि ३ बर्ष सम्मका ५० जना बालबालिकाहरुले सेवा पाई रहेका छन् । केन्द्रमा प्रत्येक ३ महिनामा अभिभावक भेला गर्ने गरिन्छ। यसै क्रममा चैत्र २० दिवाशिशु स्याहार कार्यक्रम अर्न्तगतका बालबालिकाहरुको अभिभावकहरुको भेला बाल विकास समाजको भवनमा सम्पन्न गरीयो । जसमा ४१ जना अभिभावकहरुको उपस्थिती रहेको थियो। यस भेलामा बालबालिकामा आएका परिर्बतन अभिभावकहरुलाई सुनाउने, बालबालिकालाई समयमा पुऱ्याउने, समयमा लिन आउने, बालबालिकाको स्वास्थ्य र सरसफाईको बारेमा बालबालिकाप्रति अभिभावकको दायित्व र कर्तव्यको बारेमा छलफल गरीयो । साथै यस कार्यक्रममा बिद्यालय जाने उमेरका बालबालिकालाई बिद्यालय भर्ना गर्न अभिभावकलाई सल्लाह सुझाव दिईयो। बालबालिकालाई लिन र पुऱ्याउन अभिभावक आँफै आउनु पर्ने कुरामा पनि छलफल गरीयो । कार्यक्रममा बाल विकास समाज, दिवाशिशु स्याहार कार्यक्रम, प्रति अभिभावकको सल्लाह तथा सुझाव पनि संकलन गरिएको थियो ।

**प्रस्तुति : गोविन्द वि क**

## बल्ल...

विशेष समारोहमा आमन्त्रण गरिए पनि प्रधानमन्त्री अन्य कार्यक्रममा सहभागी हुने भएपछि खानेपानी मन्त्री बिना मगर र कानुनमन्त्री शेरबहादुर तामाङको उपस्थितिमा 'ब्रेक थ्रु' भएको घोषणा गर्ने कार्यक्रम रहेको मेलम्ची खानेपानी विकास समितिले जानकारी दिएको छ ।

सुरुङमार्गको काम सकिए लगतै अब आयोजनाले सुरुङ 'फिनिसिङ'को काम सुरुवात गर्ने योजना रहेको कार्यकारी निर्देशक देवकोटाले जानकारी दिए । छिटोमा साउनको पहिलो सातासम्म मेलम्चीको पानी प्रशोधन केन्द्र सुन्दरीजलमा पानी खसाउने योजना छ देवकोटाले भने त्यसको केही समयपछि नै मेलम्चीको पानी घर-घरमा पुग्नेछ ।

७.५ किलोमिटर लामो अन्तिम सुरुङको प्राविधिक ब्रेक थ्रु भने सोमबार नै भएको थियो । अब साढे २७ किलोमिटर सुरुङ नै खन्ने काम सकिएको छ । यस आयोजनाको २६ किलोमिटर सुरुङ ३ खण्डमा विभाजन गरेर सन् २०१० को जुन महिनादेखि खन्न थालिएको थियो । दशैंअघि नै काठमाडौंका वासिन्दाले मेलम्चीको पानी खुवाउने योजना सरकारले बनाएको छ । सरकारले यो कम्पनीसँग ७ अर्ब ७१ करोडमा सुरुङ र इन्टेक निर्माण गर्ने गरी इटालिय कम्पनीसँग ठेक्का सम्झौता गरेको थियो । यसका लागि ८ अर्ब ५९ करोड रुपैयाँ खर्च हुने बताइएको छ ।

## सुस्ता र कालापानी...

शाखा बन्द गर्न समेत ओलीले माग नगर्नुले ओलीको प्रखर राष्ट्रवादीको छवि धमिलिएको प्रस्ट छ ।

सन् १९५० को असमान शान्ति तथा मैत्री सन्धिको विषयमा पनि दिल्लीमा कुनै छलफल भएन । प्रबुद्ध समूहको प्रतिवेदनलाई पर्खिन भन्दै मोदीले यस विषयलाई पन्छाइदिए । पञ्चेश्वरका विषयमा छलफल भए पनि कुनै निर्णय भएन । ओलीले महाकाली सन्धि गर्दा नेपाललाई ३ खर्ब २० अर्ब आय हुने दाबी गरेका थिए भने माधव नेपालले स्याटलाइटबाट चीनलाई बिजुली बेच्न सकिने भन्दै दुनियाँलाई बेबकुफ बनाएका थिए । ६ महिनाभित्र पञ्चेश्वर बहुउद्देश्यीय परियोजनाको डिपीआर सकिने भनिएको थियो तर अहिले दुई दशक बितिसक्दा पनि डिपीआर हुन सकेको छैन । भारतले पूर्व पश्चिम हुलाकी राजमार्ग बनाइदिने भनेको २१ वर्ष भइसक्यो तर अहिलेसम्म हुलाकी मार्गलाई अघि बढाएको छैन । प्रहरी एकेडेमी बनाइदिने आश्वासन दियो तर अहिलेसम्म बनाउन जाँगर चलाएको छैन । लगानीबोर्ड र भारतीय सरकारी स्वामित्वको सतलजले निर्माण गर्ने भनिएको अरुण तेस्रो परियोजनाको शिलान्यास समेत हुन सकेको छैन । भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीले शिलान्यास गर्ने भनिए पनि उनी नेपाल आउने तिथि तय भएको छैन । भारतले नेपालको सीमा क्षेत्रमा बाँध बाँधेर नेपाली भूमिलाई डुबानमा पारेको छ । दशगजा क्षेत्रमा पर्खाल र सडक बनाएको छ । झन्डै एक दर्जन बाँधहरु भारतले नेपालको सीमाक्षेत्रमा एकलौटी रुपमा कसेको छ, जसका कारण डुबानमा परेर नेपाली जनता विस्थापित हुन बाध्य छन् । यी अहं सवालहरुको जवाफ ओली भ्रमणले दिन नसक्नु विडम्बनापूर्ण छ ।

भारतसँग नेपालको व्यापारघाटा अत्यासलाग्दो छ । नेपालले खरबौं व्यापारघाटा व्यहोरेको छ । यस्तो घाटा अरु बढ्नेछ । व्यापारघाटालाई न्यूनीकरण गर्नेतर्फ ओलीले कुनै पहल गर्न सकेनन् । संयुक्त विज्ञप्तिमा व्यापारघाटाको विषय अँट्न सकेन । नेपालमा थन्किएका भारतीय १००० र ५०० का नोटहरुको सटहीका बारेमा ठोस निर्णय आउन सकेन । मोदी सरकारले भारु १००० र ५०० का नोटमाथि प्रतिबन्ध लगाएपछि राष्ट्रबैंकमा करोडौं भारु नोट बेवारिसे अवस्थामा थन्किएका छन् । नेपाल राष्ट्र बैंकले भारतीय केन्द्रीय रिजर्व बैंकसँग भारु सटहीका विषयमा पटक पटक कुरा उठाए पनि प्रगति हुन सकेको छैन । भुटानसँग रहेका सम्पूर्ण हजार र पाँच सयका भारु नोट भारतले सटही गरिदियो तर नेपाललाई यस्तो सुविधा दिएन ।

भारत नेपालको विकास र समृद्धिका लागि सदा बाधक बन्दै आइरहेको छ । ओली भ्रमणको उपलब्धिका रुपमा लिइएको रक्सौल-काठमाडौं रेलमार्गको निर्माण चिनियाँ रेललाई रोक्ने भारतीय डिजाइन मात्र हो । नेपालकै रेल्वे विभागले यो रेलमार्ग बनाउने तयारी गरिरहेका बेला भारतले बनाइदिने भन्नु नेपालमा चिनियाँ रेलको बाटो छेक्न खोज्नु नै हो । चीनले केरुङ लुम्बिनी काठमाडौं रेलले जोडिदिने तयारी गरिरहेको छ । भारतले जुन रेल्वे मार्ग निर्माण गर्दै त्यो पुरानो र भद्दा रेल्वे सञ्जाल मानिन्छ । प्रतिघन्टा ६० देखि १२० किलोमिटर गतिमा चल्ने रेल्वे सञ्जाल छ भारतसँग । त्तयो पनि ब्रिटेनले बनाइदिएको हो । यति धिमा गतिमा चल्ने रेल संसारमै आउटडेटेड मानिन्छ । भारत आफैं बुलेट ट्रेनका लागि जापानसँग प्रविधि सहयोग मागिरहेको छ । मुम्बईदेखि अहमदावादसम्म चल्ने बुलेट ट्रेन जापानले निर्माण गरिदिँदैछ । आफैं त महादेव उत्तानो... भनेजस्तो बुलेट रेलका लागि भारत विदेशी राष्ट्रसँग गुहार मागिरहेको छ । नेपाललाई उसले त्यही थोत्रो रेल मात्र दिन सक्छ । जबकि चीन बुलेट ट्रेनमा विश्वकै ठूलो सञ्जाल भएको मुलुक मानिन्छ । चीनसँग रेलको आधुनिक प्रविधि छ, भारतसँग छैन । चीनले नेपालमा चिनियाँ रेल गुडाउने भएपछि भारतले थोत्रा रेलले त्यसको बाटो छेक्न खोज्दैछ ।

भारतीय प्रम मोदी र ओलीले संयुक्त रुपमा शिलान्यास गरेको नेपाल भारत पेट्रोलियम पाइपलाइनको जतिसुकै प्रचार गरिए पनि त्यस पाइपलाइनबाट डिजेल मात्र आयात गरिने भएको छ । डिजेलबाहेकका अन्य पेट्रोलियम पदार्थ पेट्रोल, एलपी ग्यास, हवाईइन्धन र मट्टितेल भने ट्यांकरबाटै पूर्ववत तरिकाले ढुवानी गर्नुपर्ने बाध्यता यथावत छ । नेपालमा डिजेल बढी खपत हुने भएकाले पाइपलाइन जोडिएको भनिए पनि नेपाललाई भारतको एकलौटी बजार बनाउन भारत सफल भएको छ । गंगाको बाटो हुँदै नेपालका नदीमा पानीजहाजमार्फत सामान ढुवानी गर्ने विषयमा नेपालको कुनै तयारी नहुनुले यसको कार्यान्वयनमा संशय नै छ ।

## मालेले...

घटकहरुले छुट्टाछुट्टै गर्दा सफल हुन सकेनन् । नेपाली कांग्रेस र वाम शक्तिहरु एक नभएसम्म मुलुकमा परिवर्तन ल्याउन असम्भव देखेर यी शक्तिहरुले २०४६ फागुन ७ गतेदेखि निर्णायक रुपको राष्ट्रिय संयुक्त जनआन्दोलनको सुरुवात गरे । उनन्चास दिनसम्म चलेको जनआन्दोलनले चैत २६ गते सफलता पायो । २६ गते राति तत्कालीन राजा वीरेन्द्रले पञ्चायती व्यवस्थाको खारेजी र बहुदलीय व्यवस्थाको घोषणा गरे । दलमाथिको प्रतिबन्ध हटी प्रजातन्त्रको पुनर्वहाली भएको उक्त दिनलाई 'राष्ट्रिय संयुक्त जनआन्दोलन दिवस' को रुपमा स्मरण गर्ने गरिए तापनि अहिले राजनीतिक दलहरुले बिर्सिन थालेका छन् । २०४६ को परिवर्तन ल्याउने क्रममा प्राणको आहुती दिने सहिदहरु, जेलनेल भोगेका योद्धाहरुको भूमिकालाई ओझेलमा पारेर बिर्सिंदै जाने हो भने ती ऐतिहासिक पात्रहरुको भूमिकामाथि नै ठूलो अन्याय हुन जानेछ ।

यसैबीच नेकपा (माले) ले चैत २६ को स्मरण गर्दै राष्ट्रिय संयुक्त जनआन्दोलन दिवस मनाएको छ । माले महासचिव सीपी मैनाली आफैं पञ्चायती व्यवस्थाविरुद्ध लड्ने चर्चित योद्धा मानिनुहुन्छ । झापा विद्रोहदेखि नख्खु जेलब्रेक र त्यसपछिको भूमिगत राजनीतिमा पञ्चायत ढाल्न महत्वपूर्ण भूमिका निर्वाह गर्नुभएका मैनालीले नेतृत्व गर्नुभएको माले पार्टीले चैत २६ गते सुन्धारामा भेला भई र्‍यालीसहित न्यूरोड, असन हुँदै शान्तिबाटिकामा पुगेर सभा गरी जनआन्दोलन दिवस मनाएको छ ।

माले महासचिव सीपी मैनालीले सभालाई सम्बोधन गर्दै नेपाली कांग्रेस र वाममोर्चाको संयुक्त राष्ट्रिय जनआन्दोलनले तीस वर्षीय पञ्चायती कालरात्रि समाप्त पारेकाले दरबारले जनतासामु घुँडा टेकेको ऐतिहासिक दिन चैत्र २६ लाई स्मरण गर्न आवश्यक रहेको बताउनुभयो । उहाँले राष्ट्रिय अन्तर्राष्ट्रिय परिस्थितिको विश्लेषण गर्दै नेपालको राष्ट्रियता, स्वाभिमान र नेपालीको पहिचान सदासर्वदा कायम राख्न अहिले पनि राजनीतिक दलहरुबीच सहकार्यको खाँचो रहेको बताउनुभयो । उहाँले कोरिया प्रायद्वीपमा शान्ति कायम भएपछि त्यहाँबाट फुर्सदियो बन्ने अमेरिकी साम्राज्यवादको ध्यान चीनमा अस्थिरता पैदा गराउन नेपाल र ताइवानतर्फ केन्द्रित हुन सक्ने खतरा रहेकाले त्यसलाई रोक्न पनि राष्ट्रवादी, देशभक्त, वामपन्थी शक्तिहरुबीचको एकता र सहकार्यको खाँचो रहेको बताउनुभयो । नेकपा मालेको दृष्टिकोण सबै देशभक्त शक्तिले मिलेर काम गर्नुपर्छ भन्ने रहेको बताउनुभयो । भारत र पश्चिमा शक्तिको गठबन्धनबाट नेपालमा बढिरहेको हस्तक्षेपले मुलुकको शान्ति, स्थायित्व र सार्वभौम सत्तामाथि नै गम्भीर खतरा भएकाले देश जोगाउन देशभक्त शक्ति एक बन्नैपर्छ भन्ने सन्देश पनि चैत २६ को स्मरणले दिने महासचिव मैनालीले बताउनुभयो ।

उहाँले एमाले, माओवादी गठबन्धनतर्फ लक्षित गर्दै केपीले ढोडको लठ्ठी टेकेर उकालो लाग्ने प्रयास गरेको र त्यो कुनै पनि बेला भाँचिन सक्छ भन्नुभयो । मैनालीले प्रधानमन्त्रीको भ्रमणलाई आलोचना गर्दै केपी ओलीबाट जे आशा गरिएको थियो त्यो भ्रमणबाट तुषारापात भएको बताउनुभयो ।

कार्यक्रममा पार्टी पोलिटब्युरो सदस्य सुरेन्द्र ढकालले स्वागत मन्तव्य प्रस्तुत गर्दै नेपाललाई विश्वकै भ्रष्ट र कंगाल बनाएकाले त्यसको जिम्मेवारी सत्तामा बस्नेहरुले लिनुपर्छ भन्नुभयो । उहाँले नेपालको सत्तामा राष्ट्रघाती, दलालहरु हावी हुँदै आएकाले ७१ ठाउँमा सीमा मिचिँदा पनि रमिते बनेर हेर्ने गरेको बताउनुभयो । अहिलेसम्मका आन्दोलनले भारतलाई फाइदा पुर्‍याएको भन्दै ढकालले अब नेपाल र नेपालीलाई फाइदा पुग्ने चौथो जनआन्दोलन हुने र त्यसको अगुवाई मालेले गर्ने उद्घोष गर्नुभयो ।

अर्का पोलिटब्युरो सदस्य कुमार श्रेष्ठले निरंकुश राजतन्त्रले जनतासामु घुँडा टेकेको प्रसंग चर्चा गर्दै नेपालको राष्ट्रियता सबल बनाउन देशभक्त शक्ति एक हुनुपर्छ भन्नुभयो । पोलिटब्युरो सदस्य जनक चालिसेले सञ्चालन गर्नुभएको कार्यक्रममा पार्टी प्रवक्ता तथा स्थायी समिति सदस्य कुमार बेलवासे, पोलिटब्युरो सदस्य कृष्ण राना, केन्द्रीय सदस्यहरु तथा थुप्रै नेता कार्यकर्ता र सर्वसाधारणको उपस्थिति रहेको थियो ।

## चिनियाँ...

प्रधानमन्त्रीको भारत भ्रमण अत्यन्तै सफल भनेर जतिसुकै प्रचार गरे तापनि मोदीले नेपालप्रतिको कुटिल नीति त्याग्न नसकेकाले भ्रमणलाई सफल भनेर प्रचार गर्नुको कुनै अर्थ छैन । मोदीले १२ बुँदे संयुक्त विज्ञप्तिमा संविधानको अझै पनि स्वागत गर्न सकेका छैनन् भने नेपाललाई सार्वभौमसत्ता सम्पन्न, स्वतन्त्र, अखण्ड मुलुक भनेर पनि भन्न सकेका छैनन् । केपीले पहिला नाकाबन्दी फिर्ता नगरी भारत नजाने भनेर अडान लिएका थिए र गएनन् पनि, अहिले पनि उनले संविधानको भारतले स्वागत नगरेसम्म आउँदिन भन्न सक्नुपर्थ्यो । तर केपीले सरकारको सय दिन पनि नपुगी हतार हतार भारत दौडिएर लम्पसारवादको नमुना प्रस्तुत गर्न पुगेका छन् ।"

"मानार्थ डाक्टरेट उपाधि प्राप्त गरेर प्रधानमन्त्री केपी ओलीको व्यक्तिगत सम्मान बढे तापनि भ्रमणबाट देश र जनतालाई प्रत्यक्ष फाइदा पुग्ने कामतर्फ भ्रमणको उपलब्धि देखिएन । भारतमा प्रधानमन्त्री केपीले ५०० र १००० का भारतीय नोटबारे बोलेनन्, भारतसँगको खरबौंको मात्रामा बढ्दो व्यापारघाटा रोक्ने कुनै उपायबारे छलफल चलाएनन् । नेपालका कृषिजन्य उत्पादन अदुवा, अलैंची, जुट, तरकारी लगायतको निकासीमा भारतले सिर्जना गरेको अवरोधबारे बोलेनन्, भारतले अतिक्रमण गरेको नेपाली भूमिबारे बोलेनन्, भारतले चल्न नदिएको नेपाली ग्यास बुलेट र नेपालीसँग सामान ढुवानी व्यवसायको रक्षाको निम्ति बोलेनन्, बरु भारतले कहिल्यै पूरा नगर्ने रेलमार्ग र पानीजहाजको सहमती गर्दै आल्हादित हुँदै आएका छन् । "

"भारतले गर्ने भए हुलाकी मार्ग पहिल्यै बनाइसक्ने थियो । त्यसैगरी केपीले नै भन्दै आएको नेपाललाई 'एक खर्ब बीस अर्ब' वार्षिक फाइदा हुने महाकाली पञ्चेश्वर पहिल्यै बनाइसक्ने थियो । भारत नेपालको प्राकृतिक (जल) श्रोतलाई कब्जा गर्न चाहन्छ । ऊ नेपालसँग सम्झौता गरेरै खोलानाला आफ्नो पोल्टामा हाल्न मात्र चाहन्छ । भारत नेपाललाई सधैंभरि गरिब र पछौटे देख्न चाहन्छ । त्यसो नभएको भए सम्झौता भएको २३ वर्षसम्म महाकालीलाई होल्ड गरेर राख्ने थिएन । भारतको कामको गति हामीले देखेको हुनाले जहाज, रेलमार्ग जस्ता कुरा केवल गफ मात्र हुन् र चिनियाँ रेलमार्ग नेपालमा जोड्ने कुरालाई भाँड्ने उद्देश्यले मात्र भारतले अघि सारेको हो ।"

यस प्रकार महासचिवले आफ्नो वक्तव्यमार्फत् भारत भ्रमण क्रममा प्रधानमन्त्री केपी ओलीले आफ्नो निम्ति राम्रो स्वागत, राम्रो खानपान, राम्रो मानसम्मान प्राप्त गरे पनि राष्ट्रको निम्ति फाइदा हुने कुनै ठोस काम गरेका छैनन् भन्दै भ्रमणबाट हर्कबढाइँ गर्ने कुनै खास कारण देखिएको छैन भन्दै प्रष्ट पार्नुभयो ।

यसैबीच नेकपा मालेले अर्को एक विज्ञप्ति प्रकाशित गरी माले र नेकपाबीच भएको एकता वार्ताको समाचार गलत ढंगले प्रेषित गरेकोमा खण्डन गरेको छ । विज्ञप्तिमा भनिएको छ- यही २०७४ चेत्र २० गते नेकपा (माले) को केन्द्रीय कार्यालय, रातोपुल, काठमाण्डौमा नेकपा (माले) र नेकपाबीच पार्टी एकता वार्ता भएको सन्दर्भमा पार्टी कार्यालयद्वारा प्रेषित वक्तव्यलाई खबर डबली नामक अनलाइन पत्रिकाले निराधार र कपोलकल्पित हिसाबले जसरी प्रकाशित गर्‍यो त्यस कृत्यको हामी निन्दा र खण्डन समेत गर्दछौं । हाम्रो पार्टी नेकपा (माले) र विप्लव नेतृत्वको पार्टी नेकपासंग पार्टी एकतासम्बन्धी कुनै पनि वार्ता भएको छैन र जसरी उक्त अनलाइनले पदीय भागबण्डाका कुराहरु समेत प्रवक्ताको नाम मुछेर प्रकाशित गरेको छ त्यो कुरा सरासर झूटो, हास्यास्पद तथा पीत पत्रकारिताको फोहोरी नमुना मात्र हो । खबर डबलीसँग पार्टी प्रवक्ताको कुनै सम्वाद भएको छैन र पार्टीद्वारा प्रेषित चैत्र २० को प्रेस वक्तव्यमा त्यस्तो कुरा उल्लेख गरिएको पनि छैन ।

## टुँडिखेलमा...

सहिदहरुप्रति श्रद्धाञ्जली अर्पण गरिएको थियो । न्युज २४ टेलिभिजन तथा अन्य मिडियाहरुलाई अन्तर्वार्ता दिँदै प्रमुख अतिथि ढकालले टिस्टादेखि काँगडासम्मको नेपाली भूभाग र मेचीकालीबीचको भूभागसमेत भारतले अतिक्रमण गरेकाले त्यो फिर्ता हुनुपर्छ भन्नुभयो । ढकालले नेपाल समृद्धशाली भएको खण्डमा दार्जिलिङ र काँगडाका जनता पनि बर्लिनको पर्खाल भत्काएर जर्मनीको एकीकरण गरेकै शैलीमा मेचीकालीको सीमा खारेज गरेर नेपालसँग मिल्न आउने र नेपालको सिमाना टिस्टा काँगडा कायम हुने बताउनुभयो ।

## दलहरुले...

यातनाका कारण लौह पुरुषको उपमा पाएका गणेशमान सिंहको निवास चाक्सीबारीमा संयुक्त गठबन्धनले फागुन ७ गतेदेखि निर्णायक जनआन्दोलन गर्ने निर्णय गरेको थियो । फागुन सात गतेका दिन पञ्चायती सरकारले शाही सैनिक मञ्च टुँडिखेलमा आयोजना गरेको प्रजातन्त्र दिवसको औपचारिक कार्यक्रम आन्दोलनकारीले बिथोलिदिए । फागुन ८ गतेको नेपाल बन्द र त्यसपछि भएका संघर्षका कार्यक्रमहरुले पञ्चायतलाई धराशायी बनाउन थाल्यो । कीर्तिपुर, पाटन, भक्तपुर जस्ता ठाउँहरु आन्दोलनकारीले कब्जा गरेका थिए । आन्दोलनका क्रममा जति निर्मम दमन गरे पनि त्यसले दन्किएको आन्दोलनको आगोमा घिउ थप्यो । सबै तह र तप्काका जनताको राम्रो सहभागिता आन्दोलनमा रहेको थियो । काठमाडौं उपत्यका लगायत विराटनगर, वीरगन्ज, जनकपुर, पोखरा, नेपालगन्ज, चितवन लगायतका सहरी क्षेत्रमा आन्दोलनको आगो राम्रै सल्किएको थियो । काठमाडौंमा भएको आन्दोलनमा त्यसबेलाका कुख्यात व्यक्तिका रुपमा रहेका शरदचन्द्र शाह लगायतका व्यक्तिहरु पनि आन्दोलनकारीको निशानामा परे ।

प्रथम जनआन्दोलन वाम मोर्चा र नेपाली कांग्रेसको गठबन्धनमा सुरु भए तापनि संयुक्त जनआन्दोलनका नाममा जनमोर्चा लगायतका वाम शक्तिहरु संगठित भएर छुट्टै आन्दोलनका कार्यक्रम अघि सारेका थिए । चैत २४ मा आन्दोलनले निर्णायक रुप लियो । सरकारले दमन गर्न नसक्ने स्थिति भएपछि त्यसै दिनबाट निरन्क्तर कर्फ्यु लगाएर २६ गते राति आन्दोलनकारी शक्तिसँग सम्झौता गरी राजाले बहुदलको घोषणा गरेका थिए ।

नेपालको प्रजातान्त्रिक आन्दोलनमा महत्वपूर्ण कोसेढुंगाका रुपमा रहेको २०४६ सालको परिवर्तनले राजनीतिमा खुलापन आउनका साथै वाक, प्रकाशनका अधिकार पनि प्राप्ति भएका थिए । अहिले भएको मुलुकको लोकतान्त्रिक परिवर्तनको जग पनि २०४६ सालको परिवर्तन नै हो । त्यसैले चैत्र २६ लाई राजनीतिक दलहरुले कदापि भुल्नु हुँदैन । अर्को कुरा विपरीत ध्रुवका राजनीतिक शक्तिहरुको मेलमिलापले नै २०४६ र ६२।०६३ को आन्दोलनको उपलब्धि सम्भव भएको हो । अब देशलाई आर्थिक क्रान्तिको बाटोमा लैजान र मुलुकको राष्ट्रियता र सार्वभौमसत्ताको रक्षाका लागि पनि वाम र प्रजातान्त्रिक शक्तिको मेलमिलाप उत्तिकै खाँचो पर्छ । एकले अर्कालाई निषेधको राजनीति गर्दा त्यसले लक्ष्यमा पुर्‍याउन सक्दैन । त्यसैले राजनीतिक इतिहासको पानामा गौरवका साथ अंकित भइसकेको चैत २६ लाई सम्झना गर्नैपर्ने हुन्छ । दर्जनौं सहिदको बलिदानी र जनताको वीरतापूर्ण संघर्षलाई कदापि भुल्न हुँदैन ।

नियात्रा

# बेलायतको सेरोफेरो-२१

खोमदत्त बराल

एउटा कुनामा विद्यार्थीले दस्तखत गर्दै आफ्नो प्रमाण पत्र भरेको झमेला बुझ्दैथे । अलि परतिर टेबलमा साजइउका गिलास बोक्दै आफ्नो बाटो तताउँथे । विद्यार्थी युवाहरु आफ्नो जोस पूर्ण फूर्तिमा फोटो खिच्ने खिचाउने क्रममा जुटेका थिए । मायापिर्ति साटासाटमा दिले ज्यान दिएर उत्तिकै लागि परेका थिए । हाम्रा नेपाली चेलिबेटीहरु पनि यो विकासे समाजका भेषभुषा र लवाइ खवाईमा मिल्न सिकेका रहेछन् । तर नसुहाएको ।

यहाँ आएर हाम्रा चेलीबेटीको भेषभुषाले भुटानी राजालाइ सझना गरायो । जिग्मेसिग्मे वाडचोकले आफ्ना नागरिकहरुलाई जातजातिमा विभाजित गरेर अन्याय गर्न थाले । नेपाली भेषभुषामा राम्रै रमाउने नागरिकलाई भोटे डुक्पाले लगाउने दोचा र गर्मी लुगा लगाउन बाध्य गराए । हक अधिकार वितरणमा पनि पक्षपात गर्न शुरु गरे । हुँदा हुँदा देशबाटै बाहिर निकालिदिए । वीसो वर्ष देखि भुटानी नागरिकहरु जो नेवाली मूलका थिए ती सबैलाई शरणार्थीका रुपमा नेपाली भूमिले आफ्नो छातीमा समेट्नु परेको छ । यहाँ बाहिर नेपालबाट आएका नेपाली चेलीहरु बेलायतको भेषभूषामा रुपान्तरण गर्न बाध्य छन् । उनीहर बेलायतको सम्भतासंग समाहित हुन आफ्ना सम्पूर्ण शरिरलाई संरक्षण गर्ने परिधान छोडेर जाहीताहीबाट शरीरका अंगहरु चुहिने । लुगा लाए जस्तो गर्न मात्र सिक्दैछन् । सम्बेदनशील अंगहरु लथालिंग छाडेर कुकुरले पनि चाहिदेलाकी भन्ने अवस्था हुँदा समेत निर्लज्ज रमाउनु पर्ने । खुशी साथ स्वीकार हो । या आफूलाई पनि छाडापनको स्वीकारबाट विकासे भन्न सजिलो हुने होला कि ? विज्ञापन पर्ना होला या स्वतन्त्रताको अभिव्यक्ति यो कलिचको बजारमा आफनै गाउँका दाइभाइकी छोरी चेली पनि छन् । मेरो मगर साथीहरुका मायालु बहिनीहरु छन् । हाम्रा सुब्बा मित्रहरुका नाती नातिनीहरु छोरी बुहारीहरु पनि छन् । बहुनका बच्च पनि होला । उनीहरु निसंकोच सुर्ती कंकट सिग्रेट उडाएर खुशी मनइ रहेका छन् । कुनै समयमा चमैतातिर माष्टरी काम गर्दा धेरै जसको दिदी बहिनीहरुको कंकट र पेपर खरिद गरेर आफैले ल्याइ दिएको थिए । तल सात नम्बर तिरका राइनी बहिनीहरुले कंकट बैरर दाइने हातले अघि बढाउँदै सम्मान जनक रुपमा देब्र हातले दाइने हातको कुइनामा छुवाएर आदरभाव प्रदर्शन गरेको सम्झना गर्न पुगे । यी सिग्रेट खाने नेपाली छोरी चेली र कुइरेका सेतीहरुले चुरोट खाएर घुवा उडाएको मात्र होइन होला । धित मारेको र मानसिक तृष्णा र संतुष्टि पनि लिएको होला । सिग्रेट खाँदा सम्मानित बन्न पाइने भए आफूलाई पनि ठूलो बनेर सम्मानित हुन रहर लाग्थ्यो । सानो छँदा चउरमा बाखा चराउँदा साथजी भाइले बाखा फर्काउँदा एक सर्केन कंकट तानेको पनि सम्झना आयो । यी के तृष्णा मेटाउन सिग्रेट खाँदा हुन । के सम्मान पाउन सिग्रेट खान्छन होला र यी कुइरेहरुका सन्तानले खाएकोमा कुनै गुनासो छैन । तर मेरो यी नेपाली परिदारका दिदी बहिनीहरुले सम्मानित जीवन जीउन सक्नु पर्छ भन्ने आग्रह मात्र हो । सिग्रेट खाँदा तृष्णा मेट्न सकिन्छ र सम्मान पाउन सकिन्छ भने मौका नछोड । तर त्यसो होइन होला ।

२०६८/०४/१३


बेलायतमा मानव उत्पादन फारम जस्तो बनाएको रहेछ । एक जना मानिसले जति धेरै सन्तान जन्माउन सक्यो उति सुविधा राज्यतर्फबाट पाइने व्यवस्था छ । आजै मात्र किन इलोजिवेथ हस्पितलमा एकजना वीसे वाइसे युवतीले चारवटा चल्ला चराइ रहेकी थिइन । एउटा मझौला खालको चल्लो खोच्याउँदो रहे । उसको एक्सरे गर्नु पर्ने रहेछ । पछि पो थाहा भयो । पहिला एउटा सन्तान मात्र जन्माउने वा माया मात्र साटासाट



गर्ने एक जना संग मात्र माया साट्दा सन्तुष्ट हुन नसकेमा अरुलाई पनि माया साट्न जवानी वाँडन नहिचकिचाउने विकासे मुलुक एनिमल फार्मिङ भने झै मानव फार्मिङ गनै थाले छन् । बेलुकीपख एक कालौ अफ्रिकनले झण्डै दुइ क्वीन्टलको सेती आइमाइ र तीनवटा चल्ला साथ रेष्टुरेण्टमा भेट भएको थियो । ती पनि हाइब्रिडिङ क्षमताका विकासे विउ जस्तो लाग्यो आठ नै बच्चा त हालमा कुनै अनौठो नभएको कुरा प्रशस्त जानकारी पाइयो अचम्मको मुलुक बेलायत ।

बेलायतमा औषधिपानीको एउटा सुविधा रहेछ । अपह्नो भिसा देखाएर स्थानीय स्वास्थ्य चौकीमा नाम रजिष्टर गरेपछि राज्य तर्फबाट नै दवाइ गरिदिइदो रहेछ । कान्छी छोरीको पिडुलामा दुख्ने गर्दो रहेछ । Banak Bone Surery मा नाम दतौ गर्दो रहेछ । त्यहाँ समय लिएर गइएको थियो । एक्सरे गर्न क्युनि एलिजावेथ अस्पताल रेफर गरिदिएछन् । क्रमशः

# दोस्रो पटक सगरमाथा चुम्ने अनिशको धोको



काठमाडौं । राजनीतिमा झापा जिल्ला कहलिएको छ । निरंकुश पञ्चायती शासनविरुद्ध झापाली युवाहरुले २०२७।२८ मा सशस्त्र संघर्ष गरेका थिए । त्यस संघर्षले नेपाली कम्युनिस्ट आन्दोलनलाई नै नयाँ दिशा दिएको थियो । झापाली विद्रोहले कोअर्डिनेसन कमिटी, माले हुँदै एमाले पार्टीलाई राष्ट्रिय राजनीतिमा स्थापित गरायो । राजनीतिज्ञ लगायत डाक्टर, इन्जिनियर र कानुनविदहरुको उद्गमस्थलका रुपमा समेत झापा परिचित छ ।

पछिल्लो समयमा सगरमाथामाथि विजय प्राप्त गरेर झापा चर्चित जिल्ला बनेको छ । साहसिक यस्तो किर्तिमान राखेका छन् २४ वर्षीय अनिश लुइँटेलले । उनी झापा जिल्लाबाट सगरमाथा आरोहण गर्ने पहिलो झापाली युवा हुन् । उनले २०७२ सालमा सर्वोच्च शिखर सगरमाथा आरोहण गर्न लागेका थिए । तर वैशाख १२ को भूकम्पले उनी बेसक्याम्पबाटै फर्किन बाध्य भए । उनले २०७३ जेठमा दोस्रो पटकमा सगरमाथा आरोहणमा सफलता पाए ।

यिनै अनिश लुइँटेल उत्तरी मोहडाबाट सगरमाथा चुम्न हिजो काठमाडौंबाट तिब्बत प्रस्थान गरेका छन् । झद्रपुर ९ चन्द्रगढी पुहाँतुबारीका स्थायी बासिन्दा अनिशलाई काठमाडौं आउन अघि भद्रपुर नगरपालिकाले सफलताको शुभकामनासहित राष्ट्रिय झन्डा थमाएर बिदाइ गरेको थियो । नेपालकै पुरानो नगरमध्येको भद्रपुरले दिएको राष्ट्रिय झन्डालाई उनले सगरमाथा चुचुरोमा फहराउने छन् । स्थानीय पुहाँतु जनज्योति माविका प्रधानाध्यापक शिवराम लुइँटेल र मेचीनगर १३, स्थित प्राविका प्रधानाध्यापक कमला पौडेल लुइँटेलका छोराद्वयमध्ये अनिश जेठा हुन् । झापासँगै पूर्वी पहाडी जिल्ला ओखलढुंगा समेत अनिशको साहसबाट गदगद छ । लुइँटेल परिवार ओखलढुंगाबाट झापा बसाइँ सरेका हुन् ।